# परिच्छेद - एक

## परिचय

यस परिच्छेदमा शोधकार्यको परिचय अन्तर्गत शोध अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको औचित्य, अध्ययनका उद्देश्यहरू, अध्ययनका सीमाङ्कन तथा विशिष्ट शब्दावलीहरूको परिभाषालाई यस प्रकार उल्लेख गरिएको छ ।

### १.१. पृष्ठभूमि

आजको युग वैज्ञानिक युग हो । यस वैज्ञानिक युगमा आएर शिक्षा भनेको केवल शिक्षा लिने दिने प्रकृयामात्र होइन । शिक्षा विशिष्ट उद्देश्यहरू पूरा गर्ने सशक्त माध्यम हो । यसर्थ यस्तो विशिष्ट कार्यगर्ने काम हचुवाका भरमा सम्पन्न हुनु हुँदैन । यसका लागि निश्चित योजनाको आवश्यकता पर्दछ । कुनै पनि कार्य योजना बिना गरियो भने धागो चुँडिएको चङ्गाझैं गन्तब्य विहिन स्थितिमा पुग्न सक्दछ । योजना विनाको कार्य लगाम विनाको घोडा जस्तै हुन्छ । योजना नहुदा के गर्ने, कसरी गर्ने, कहाँ गर्ने, कुन गतेमा गर्ने, कस्तो उपलब्धि हासिल गर्ने भन्ने कुराहरू अन्योलमा पर्दछन् । तसर्थ शैक्षिक कार्यमा पनि योजनाको महत्त्वपूर्ण हात रहेको हुन्छ । सामान्यतयः राष्ट्रको समग्र शिक्षा विकासका लागि बनाइएको योजनालाई शैक्षिक योजना भन्न सकिन्छ । शिक्षा कुनै पनि देशको मेरुदण्ड भएकाले शिक्षा योजनाले समग्र राष्ट्रका अन्य योजनालाई प्रभाव पारेको हुन्छ ।

विश्वमा शैक्षिक योजनाको ऐतिहासिक पृष्ठभूमिलाई केलाएर हेर्दा झण्डै २६०० वर्ष पहिले स्पार्टाले शैक्षिक उद्देश्यमा शैक्षिक, सामाजिक तथा आर्थिक पक्षमा सुदृढता कायम गर्ने योजना तयार गऱ्यो । लिखित रूपमा योजना शब्दको शुरुवात २५०० वर्ष पहिले प्लेटोले आफ्नो पुस्तक रिपब्लिकमा गरेको थियो । उनले एथेन्स नगर राज्यको राजनैतिक उद्देश्य पूरा गर्ने किसिमको शिक्षा योजनामा जोड दिएका थिए । चीनको हान वंश र पेरुको इन्कास सभ्यताले शिक्षा योजना जनताको राय आवश्यकता अनुरूप हुनुपर्ने र शिक्षा योजनाले सामाजिक परिवर्तनसँग समन्वय गरी नयाँ लक्ष्यतर्फ अभिमुख भएको हुनुपर्छ भन्ने कुरामा जोड दिएको थियो । १६ औं शताब्दिको मध्यतिर स्कर्टल्याण्डका जोन नक्सले शिक्षा योजनाको बारेमा आत्ममुक्ति तथा भौतिक उन्नतिको समिश्रण गरी विद्यालय तथा कलेजहरूको स्थापना गर्ने किसिमको राष्ट्रिय शिक्षा योजना पद्धतिमा जोड दिएका थिए ।

शैक्षिक योजनाको व्यवस्थित प्रयास तत्कालिन सोभियत संघले सन् १९२३ बाट शुरु भएको पहिलो पञ्चवर्षीय योजनाबाट गरेको देखिन्छ । यसपछि सन् १९३० को व्यापक मन्दीले विश्वका धेरै मुलुकहरूलाई योजनाहरूको बारेमा सोच्न बाध्य तुल्यायो ।

### १.१.१ शैक्षणिक योजनाको अर्थ

अग्रेजी शब्द Instruction को शाब्दिक अर्थ शिक्षण हो । शैक्षणिक भनेको कक्षाकोठाभित्र गरिने शिक्षण हो । शैक्षणिक भनेको वास्तविक शिक्षणको स्वरुप हो । अतः कक्षा शिक्षणको वा कुनैपनि शिक्षण कार्यको योजनालाई शैक्षणिक योजना भनिएको हो । शिक्षकद्वारा वा शैक्षणिक उपकरणद्वारा सिकारुमा ज्ञान तथा सीप विकास गर्ने प्रकृयालाई शैक्षणिक भनिन्छ र त्यसको योजनालाई शैक्षणिक योजना भनिन्छ ।

शिक्षण कार्य शिक्षकको गहनतम जिम्मेवारीको चुनौतीपूर्ण कार्य हो । शिक्षण भनेको विद्यार्थीहरूमा चाहेका गुण र सीपहरूको विकास गर्नु सक्नु हो । शिक्षण भनेको पाठ्यक्रमका उद्देश्यहरू पूरा गराउने कार्य हो । यस्ता गहनतम कार्यहरूको योजना शैक्षणिक योजना हो । छोटकरीमा भन्नुपर्दा कामको विस्तृत कार्यक्रमलाई योजना भनिन्छ । शैक्षणिक कार्य भन्ना साथ शिक्षण संस्थाभित्र संचालन गरिने कार्यक्रम हो । यो पूर्णरुपमा पाठ्यक्रममा आधारित हुन्छ । पाठ्यक्रमलाई शिक्षण कार्यको मेरुदण्ड मानिन्छ । अतः पाठ्यक्रम अनुसारका विषयहरूलाई शिक्षण गर्नका लागि तयार गरिएको योजनालाई नै शैक्षणिक योजना भनिन्छ । शैक्षणिक योजना तर्जुमा गर्दा शिक्षण सिकाइको योजना, शिक्षण सिकाईको संगठन, शिक्षण सिकाईको कार्यक्रम र शिक्षण सिकाईको मुल्याङ्कनमा ध्यान पुऱ्याउनु पर्दछ ।

शैक्षणिक योजनाको सन्दर्भमा कुराकानी गर्नुपर्दा यसका विभिन्न भागहरूको पनि अध्ययन गर्न आवश्यक हुन्छ । शैक्षणिक योजनाभित्र निम्न योजनाहरू पर्दछन् ।

क) वार्षिक कार्य तालिका - कुनै एक शैक्षिक संस्थामा एक शैक्षिक सत्र भित्र गरिने कार्यक्रमको योजनालाई वार्षिक कार्य तालिका भनिन्छ । यसमा शैक्षिक सत्र भित्र प्रदान गरिने राष्ट्रिय विदाका दिनहरू, स्थानीय विदाका दिनहरू, परीक्षा मितिको समय, चाँडपर्वका दिनहरू, स्टाफ वैठकका दिनहरू, पुरा पढाई हुने दिनहरू आदी उल्लेख गरिएका हुन्छन ।

ख) वार्षिक कार्य योजना - एउटा शिक्षकले आफ्नो विषयमा एक वर्ष भित्र गर्ने शिक्षण योजनालाई वार्षिक कार्य योजना भनिन्छ । यसमा कुन कुन महिनाको कुन कुन दिन के के पाठ पढाउने, कति समय पढाउने, प्रत्येक पाठमा के कस्ता शैक्षिक सामाग्रीको प्रयोग गर्ने, केकस्ता कार्यकलापहरू गर्ने जस्ता कुराहरू समावेश गरिएका हुन्छन ।

ग) एकाई योजना - शिक्षण सिकाईका पाठका एकाईहरूको विस्तृत योजनालाई एकाई योजना भनिन्छ । यसमा एकभित्र पर्ने सम्पूर्ण पाठहरूको शिक्षणका लागि योजना तयार गरिएको हुन्छ ।

घ) पाठ योजना - शिक्षकले प्रत्येक दिन कक्षा शिक्षणको लागि तयार गर्ने योजनालाई पाठ योजना भनिन्छ ।

### १.१.२ योजनाको आवश्यकता

शैक्षिक योजनाको आवश्यकता जुनसुकै मूलुकलाई पनि परेको हुन्छ किन भने शिक्षाको विकास नभएसम्म कुनै पनि मुलुकको विकास सम्भव छैन । अहिलेको विश्वमा आर्थिक पुँजीको विकासभन्दा मानवीय पुँजीको विकासलाई प्राथमिकता दिइएको छ । दिनानुदिन सामाजिक जटिलताहरू, आवश्यकताहरू चाहनाहरू बढिरहेका छन । यी सबै कुराहरू पूरा गरिदिनु पर्ने दायित्व शिक्षाको मानिन्छ त्यसैले शिक्षा योजनाको आवश्यकता व्यापक रूपमा बढिरहेको छ । हाम्रो जस्तो अविकसित मुलुकहरूमा केन्द्रित भएर भन्नुपर्दा जनसंख्याको बढ्दो चाप, साक्षरताको कमजोर स्थिती, आर्थिक सामाजिक विपन्नताको अवस्था, श्रोत र साधनको कमी, विज्ञान र प्रविधिको विकासको कमजोर अवस्था, गुणस्तरीय शिक्षाको अभाव आदि प्रमुख समस्या हुन । यस्ता समस्याहरूको निराकरण गरी मुलुकलाई अगाडी बढाउन शैक्षिक योजना अति आवश्यक हुन्छ । शैक्षिक योजनाको आजको प्रमुख उद्देश्य मूलुकलाई आवश्यक पर्ने जनशक्ति उत्पादन गर्नु हो ।

शैक्षिक योजनाको यो उद्देश्य परिपूर्तिका निमित्त शैक्षणिक योजनाको आवश्यकता पर्दछ । शैक्षणिक योजना कक्षा कोठामा शिक्षणका लागि तयार गरिने योजना हो । शैक्षणिक योजनाको प्रयोग विना सिकारुहरूलाई आवश्यक ज्ञानसीप, क्षमता, दक्षता प्रदान गर्न सकिदैन । शैक्षिक योजनाले तर्जुमा गरेका सम्पूर्ण सिकाइका सीपहरू सिकारु समक्ष प्रस्तुत

गर्ने माध्यम नै शैक्षणिक योजना हो । यसको प्रयोग विना शिक्षण सिकाई कार्य सफल हुन सक्दैन । यस कारण सवै विद्यालयहरूले अनिवार्य रुपमा शैक्षणिक योजना निर्माण गरी उपयुक्त ढंगले शिक्षण सिकाइ कार्यकलाप अघि बढाउनु आजको आवश्यकता हो ।

### १.१.३ नेपालमा शैक्षिक योजनाको थालनी

नेपालमा योजनावद्ध विकासको थालनी वि.स. २०१३ सालदेखि भएतापनि विद्यालय तहमा राज्य स्तरवाट खोलिएका विद्यालयहरूको संचालन र व्यवस्थापन गर्न वि.स.१९९६ सालमा जारी भएको "शिक्षा इस्तिहारवाट" भएको पाइन्छ । यसले नेपालको शिक्षा व्यवस्थालाई विकासको व्यवस्थापन, पाठ्यक्रम, निर्माण, शिक्षाको माध्यम भाषा नेपाली निरिक्षण र प्रशासनको व्यवस्था, विद्यालयमा शिक्षक विद्यार्थी अनुपात, आर्थिक अधिकार, विद्यालय संचालन समितिको व्यवस्था, छात्रवृतिको व्यवस्था, वार्षिक मुल्याङ्कन, शिक्षकलाई प्रोत्साहान, नयाँ विद्यालय खोल्ने प्रकृया जस्ता व्यवस्था समेत उल्लेख गरिएको थियो (शर्मा, २०५७) ।

वि.स. २००७ सालपछि नेपालमा शिक्षा विस्तार विकासका लागि वि.स. २००९ सालमा नेपालमा राष्ट्रिय शिक्षा योजना आयोग गठन गरियो । उक्त प्रतिवेदनमा प्राथमिक र पौढ शिक्षालाई देशब्यापी वनाउने, निशुल्क वनाउने तथा माध्यमिक स्कुलमा रोजगारी दिने बहुउद्देश्य हुने कुरा उल्लेख गरिएको छ भने वि.स. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८-२०३२ को घोषणा समेत भएको थियो । यसले पनि शिक्षालाई ब्यवस्थित रुपमा संचालन गर्न विभिन्न कार्यक्रमहरू ल्याएको थियो (अधिकारी, २०६६) ।

वि.स. २०४६ सालमा प्रजातन्त्रको पुनःर्वाहाली भए पश्चात, गठित राष्ट्रिय शिक्षा आयोगले २०४९ सालमा आफ्नो प्रतिवेदन तत्कालिन प्रधानमन्त्रि समक्ष पेशगरी योजनावद्ध शिक्षाको विकासमा योगदान दिएको थियो । यसले माध्यमिक तहसम्म निशुल्क शिक्षा माध्यमिक तहलाई तीन चरणमा कक्षा ६-८ र कक्षा ९-१० र कक्षा ११-१२ मा वर्गिकरण गरी शिक्षा दिनु पर्ने ब्यवस्था समेत उल्लेख गरेको थियो भने वि.स. २०५५ सालमा गठीत उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगले रा.शि.अ. २०४९ ले उल्लेख गरेकै धेरै विषयवस्तुलाई निरन्तरता प्रदान गर्ने कुरा उल्लेख गरेको छ । त्यसै गरी शिक्षा सम्बन्धी उच्च स्तरीय कार्य समिति २०५८ गठन समेत गरेको थियो । यसले शिक्षा सम्बन्धी समस्यालाई विश्लेषण गर्दै मुख्यतयः तीन वटा मुद्धालाई उठान गरेको छ । ती हुन सार्वजनिक विद्यालयहरूको गुणस्तर

वदल्न नसक्नु, निशुल्क शिक्षा वास्तविक रुपमा निशुल्क हुन नसक्नु, निजी विद्यालयहरू नियमित संचालन हुन नसक्नु आदि (अधिकारी, २०६०) ।

विद्यालय एक सानो समाज हो जसलाई शिक्षा प्रदान गर्ने उद्देश्यले स्थापना गरिएको हुन्छ । विद्यालयमा शिक्षक तथा विद्यार्थीको प्रगति र विकासका लागि शैक्षणिक योजनाको महत्त्वपूर्ण भुमिका रहेको हुन्छ । योजना विना कुनै पनि लक्ष्यमा पुग्न नसकिने हुनाले समस्यालाई आफुले चाहेको गन्तब्य तर्फ सकुशल अगाडि वढ्न र वढाउन सकिदैन यसैले शैक्षिक संस्थालाई ब्यवस्थित ढङ्गले सञ्चालन गर्ने विभिन्न शैक्षिक योजनाको निर्माण गरी प्रभावकारी ढङ्गवाट कार्यान्वयन गर्नु बढि सान्दर्भिक हुन्छ ।

स्थानीय स्तरमा उपलब्ध हुने ज्ञान र श्रोतको अत्यधिक रुपमा उपयोग गर्ने गरी शैक्षणिक योजनाको निर्माण गरेमा त्यस योजनाको सफल कार्यान्वयन गर्नका लागि शिक्षकलाई सजिलो हुन्छ । त्यस्तै स्थानिय ज्ञान तथा साधनहरूको वहुउपयोगी माध्यमहरू वाट संचालन शिक्षण सिकाई कार्यकलापवाट सिकाई प्रक्रिया पूर्णरूपमा सम्पन्न हुने र विद्यार्थीमा हाँसिल हुनुपर्ने सिकाइ उपलब्धि प्राप्त हुने हुनाले पनि शिक्षण योजनाको निर्माणमा यसलाई जोड दिनु पर्ने हुन्छ । योजनाको सफल कार्यन्वयन, सहयोग जुटाउन सफल शिक्षण गर्न, विद्यार्थीमा ब्यवहारिक परिवर्तन ल्याउनु, स्थानिय स्तरका ज्ञान तथा साधनहरूको प्रयोग गरी योजना निर्माण गर्ने र सोही अनुसार कार्यन्वयन पनि गर्नु पर्दछ (शर्मा, २०६०) ।

योजना कार्यान्वयन पश्चात मात्र त्यस्को उपलब्धिका परिणामको आधारमा मूल्याङ्कन र नियन्त्रण गर्न सकिन्छ । निर्धारित लक्ष्य तथा उद्देश्य प्राप्तिमा गरिएको मार्गदर्शनको आधारमा ब्यवहारिक ढङ्गले योजनाको कार्यन्वयन गर्नु पर्दछ ।

शैक्षिक सेवाको चुनौती नै स्तरीय जनशक्ति उत्पादन गर्नु हो । यसर्थ शिक्षामा गरिने लगानी प्रकृया र उत्पादन बिच सम्मन्वय ल्याउनु पनि नितान्त आवश्यक छ । शिक्षा क्षेत्रमा वनाइने वार्षिक कार्य योजना, एकाई योजना, पाठयोजना, साप्ताहिक कार्यतालिकालाई प्रभावकारी ढंगले शिक्षाका उद्देश्य प्राप्त हुन सक्ने गरी योजना निर्माण गरिन्छ । देशको शिक्षाको राष्ट्रिय उद्देश्यको आधारमा तहगत उद्देश्य विषयगत उद्देश्य, कक्षागत उद्देश्य, पाठगत उद्देश्य आदि योजनाको रुपमा तयार गरिन्छ (कोइराला र श्रेष्ठ, २०६६) ।

शैक्षणिक योजना भन्नाले विद्यालय शिक्षक र कक्षालाई प्रभावकारी रूपले सञ्चालन गर्ने योजनाको रूपमा लिइन्छ । यसै गरी शैक्षणिक योजनामा कुन विषय वस्तुलाई कुन-कुन शिक्षण सामाग्री, कुन शिक्षण विधि र कुन शिक्षण कार्यकलापबाट विद्यार्थीको सिकाई उपलब्धि वा नतिजा के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा समेत उल्लेख गरिएको हुन्छ । शैक्षणिक योजनालाई कक्षाकोठा भित्र सिमित बनाइएको हुन्छ । यो विद्यालयको शैक्षिक योजनाको एक भागको रूपमा रहेको हुन्छ । पाठ्यक्रमले तोकेको विषयगत उद्देश्य पूरा गर्नका लागि शैक्षणिक योजनाको निर्माण र कार्यन्वयन गरिएको हुन्छ । त्यसैले यसलाई शिक्षकले प्रभावकारी शिक्षणका लागि निर्माण गरी कार्यान्वयन गर्दछन् (श्रेष्ठ, २०५९) ।

नेपालको वर्तमान शैक्षणिक गतिविधिहरूको सरसर्ति अध्ययन गर्दा सार्वजनिक विद्यालयहरूले व्यवहारिक रूपमा योजना निर्माण गरी शिक्षण सिकाइ गरिरहेका छैनन । योजना निर्माण भए तापनि तिनीहरूको कार्यान्वयनको स्थिति अत्यन्त कमजोर छ । यसको मुख्य कारण माथिल्लो निकायबाट अनुगमन नहुने मुलुकमा अस्थिर राजनिति हुनु, पटक-पटक बन्द हडतालको चपेटामा विद्यालयहरू पर्नु, बनेका योजना पनि कार्यान्वयन हुन नसक्नु आदि यस्ता कारणहरूले गर्दा नेपालमा ठुलो शैक्षिक क्षति भइरहेको छ । यसर्थ विद्यालयहरूको शैक्षणिक योजना निर्माण र कार्यान्वयनमा देखिएका समस्याहरूलाई कसरी न्यूनीकरण गर्ने भन्ने उपायहरू पत्ता लगाई सुझाव साथ प्रस्तुत गर्ने काम यस अध्ययनमा गरिएको छ ।

## १.२. समस्याको कथन

कुनै काम गर्नु भन्दा अगाडि त्यो काम काहाँ, कहिले, कसरी, कति र कोवाट सम्पन्न गर्ने गराउने र गरिएको कार्यको मूल्याङ्कन कोबाट कसरी गर्ने भन्ने कुरा कार्यक्रमको थालनी पूर्व नै सोका बारेमा स्पष्ट किटान गरि व्यवस्थित ढंगले तयार पारिएको विवरणलाई योजना भनिन्छ । शिक्षा योजना भनेको शिक्षाका लक्ष्य र उद्देश्य प्राप्तिका लागि उपलब्ध स्रोतसाधानहरू अधिकतम प्रयोग गरी उपयोगको मान्यतावाट तोकिएको समय अवधि भित्र उक्त लक्ष्य र उद्देश्य हाँसिल गनकालागी बनाइएको अग्रमुखि प्रकृया हो । शैक्षिक योजनाको आधारमा, कहिले शिक्षण गर्ने, काँहा शिक्षण गर्ने, कसरी शिक्षण गर्ने, कुन शिक्षण विधि प्रयोग गर्ने, कस्ता शैक्षिक सामाग्रीहरू प्रयोग गर्ने भनी निर्माण गरिने योजना शैक्षणिक योजना हो ।

शिक्षण सिकाइमा शैक्षणिक योजनाको ज्यादै महत्त्वपूर्ण हात रहन्छ । शैक्षणिक योजनाको निर्माण गरी शिक्षण सिकाइ कार्य प्रभावकारी हुन्छ र अपेक्षित शिक्षामा लक्ष्य तथा उद्देश्यहरू विद्यार्थीहरूलाई हाँसिल गराउन सकिन्छ । यसकारण प्रभावकारी शिक्षणका निमित्त शैक्षणिक योजना आवश्यक छ छैन, शैक्षणिक योजना निर्माण गरी शिक्षण गर्दा के कति शैक्षिक उपलब्धि वृद्धिगर्न सकिन्छ वा विद्यार्थीहरूमा के कति सिकाइप्रति चाख जगाउन सकिन्छ, शैक्षणिक योजना निर्माणको अवस्था वर्तमान अवस्थामा विद्यालयहरूमा के कस्तो रहेको छ, यसले शिक्षण सिकाईमा के कस्तो प्रभाव पार्दछ भन्ने विषयहरूमा यस शीर्षक अर्न्तगत अध्ययन थरिएको छ । राष्ट्रिय कार्यक्रमको रूपमा शिक्षण सिकाइलाई प्रभावकारी तुल्याउन शिक्षकहरूलाई व्यापक रूपमा तालिम दिने काम भएको छ । तालिम प्राप्त शिक्षकहरूले शैक्षणिक योजना निर्माण गर्ने वा वाषिक कार्य तालीका, वार्षिक कार्य योजना तथा एकाई योजना र पाठ योजना निमार्ण गरी शिक्षण गर्ने कार्य गरिरहेका छैनन् । यसको कारणले गर्दा शिक्षण सिकाई गुणस्तरीय हुन नसक्नुको साथै शैक्षिक उपलब्धिको स्तर समेत खच्कदो छ । शिक्षको गुणस्तर वढाउने दक्ष जनशक्ति उत्पादन गर्ने साथै राष्टको हावस्यकता अनुसारको जनशक्ति उत्पादन गर्नु आजको चुनौती हो । यसका लागि निम्न अनुसारका समस्याहरू प्रति विशेष ध्यान पुर्याइएको छ ।

क) वर्तमान अवस्थामा विद्यालयहरूमा शैक्षणिक योजनाको अवस्था कस्तो रहेको छ ?

ख) शैक्षणिक योजना निर्माण गरी शिक्षण गर्दा शिक्षण सिकाइमा के कति सुधार ल्याउन सकिन्छ ?

ग) शैक्षणिक योजनाले शिक्षण सिकाइमा के कस्तो प्रभाव पार्दछ ?

घ) शैक्षणिक योजनाको निर्माण गरी शिक्षण गरिदा विद्यार्थी उत्तिर्णदर के कति वृद्धि गर्न सकिन्छ ?

उपरोक्त विभिन्न संस्थाहरू शिक्षा क्षेत्रमा देखिएकाले मैले यस शीर्षकलाई अध्ययनको विषयवस्तु बनाएको हो ।

## १.३. अध्ययनको सार्थकता

योजना विना कुनै पनि कार्यक्रम सफल हुन सक्दैन यसैकारण सन १९५० को दशकमा उपनिवेशवाट मुक्त भएका मुलुकहरूले सामाजिक, आर्थिक, राजनैतिक रूपमा

विकास गर्नको निमित्त योजनालाई प्राथमिकता दिए । जुनसुकै कार्यक्रमको लागि पनि शैक्षिक योजना र शैक्षणिक योजनाको ज्यादै महत्वपूर्ण हाँत रहन्छ । आजको युगमा पूँजीको विकास भन्दा मानविय पुँजीको विकासलाई महत्व दिएको छ । यसको अर्थ विज्ञान र प्रविधिको विकास तीव्र गतिमा भइरहेको र त्यस गतिसँग मेल खाने जनशक्तिको उत्पादन गर्नु पर्दछ । यसैगरी समाजका जटिलताहरू, समाजका आवश्यकताहरू, समाजका मागहरू, समाजका आकांक्षाहरू पनि समय अनुसार वढ्दै गइरहेका हुन्छन । यी सबै कुराहरू पूरा गरिदिनु पर्ने दायित्व शिक्षाको मानिन्छ त्यसैले शिक्षालाई र शिक्षण सिकाइलाई व्यवस्थित गर्न शैक्षिक योजना र शैक्षणिक योजना अपरिहार्य हुन्छ । विषय वस्तुलाई विद्यार्थी समक्ष पुऱ्याउने प्रमुख आधार शैक्षणिक योजना नै हो । शैक्षणिक योजनाले निर्धारण गरेका कुराहरूलाई कार्यान्वयन पक्षमा ल्याउने बलियो आधार शैक्षणिक योजना नै हो । योजनाले सफलताको बाटो देखाउने हुनाले सिकाइ उपलब्धि वृद्धिगर्न शैक्षणिक योजना सार्थक रहन्छ । यस कारण हाम्रो देश नेपालको परिपेक्ष्य शिक्षण सिकाईको स्तर वृद्धि गर्न शिक्षाको गुणस्तर बढाउन र शिक्षणमा शिक्षकको गहन भूमिका रहने हुँदा, योजनावद्ध शिक्षणमा दक्ष तुल्याउन विभिन्न योजनाहरू लागु गरिएको छन । यस्ता योजनाहरूमा, विद्यालय सुधार योजना, गाउँ शिक्षा योजना, जिल्ला शिक्षा योजना, माध्यमिक शिक्षा सहयोग कार्यक्रम प्रमुख छन् । यिनीहरू सवैको प्रमुख लक्ष्य शिक्षण सिकाईमा सुधार ल्याउनु नै हो । यस कारण शिक्षाक्षेत्रका अपरिहार्य रहेको शैक्षणिक योजनाको अवस्था, प्रभावकारिकता, उपयोगिता आदीको वारेमा अध्ययन गर्न अति आवश्यक छ । याहाँ शैक्षणिक योजनाको वर्तमान अवस्था कार्यान्वयनको अवस्था शिक्षण सिकाईमा यसले पार्ने प्रभाव र अपरिहार्यताको बारेमा अध्ययन गर्ने प्रयास गरिएको छ । अध्ययनवाट प्राप्त निष्कर्षले शिक्षा मन्त्रालयले, शिक्षा विभाग, जिल्ला शिक्षा कार्यालय, अभिभावक, प्र. अ. शिक्षक र शिक्षाकर्मीहरूलाई योजना निर्माण गर्न सहयोग पुग्ने देखिन्छ साथै शैक्षिक गुणस्तर सुधार गरी शैक्षिक लक्ष्य हासिल गर्न पनि सहयोग पुग्ने देखिन्छ ।

### १.४. अध्ययनको उद्देश्य

निम्न उद्देश्य परिपूर्तिका निमित्त विद्यालयको **'शैक्षणिक योजनाको निर्माणको अवस्था र त्यसले शिक्षण सिकाईमा पारेको प्रभाव'** को अध्ययन गर्न लागिएको छ ।

१) विद्यालयहरूले गरेको शैक्षणिक योजना निर्माणको अवस्था पत्ता लगाउनु ।

२) शैक्षणिक योजनाले शिक्षण सिकाइको क्षेत्रमा पार्ने प्रभाव लेखाजोखा गर्नु ।

३) शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनमा सरोकारवालाहरूको बीचको सम्वन्ध पत्ता लगाउनु ।

४) विद्यालय स्तरमा शैक्षणिक योजना निर्माणमा देखा परेका समस्याहरू पत्ता लगाई समाधानका उपायहरू खोजी गर्नु ।

## १.५. अध्ययनको परिसीमा

यस विषयको अध्ययनलाई निम्न क्षेत्रमा सीमित गरिएको छ :

१ सुनसरी जिल्लामा मात्र सीमित गरिएको छ ।

२ महेन्द्रनगर र भरौल कालाबन्जर गा.वि.स.मा मात्र सीमित गरिएको छ ।

३ सामुदायिक विद्यालयमा मात्र सीमित गरिएको छ ।

४ शैक्षणिक योजनामा मात्र सीमित गरिएको छ ।

## १.६ प्रयुक्त शब्दहरूको परिभाषा

शैक्षिक योजना - समग्र शैक्षिक क्षेत्रहरूको विकासका निमित्त तयार गरिएको योजना

शैक्षणिक योजना - शिक्षण सिकाइलाई प्रभावकारी तुल्याउन कक्षा कोठाका निमित्त तयार गरिएको योजना

सामुदायिक विद्यालय - समुदायद्वारा सञ्चालित विद्यालयहरू

नमुना विद्यालयहरू - जिल्ला शिक्षा कार्यालयद्वारा शिक्षाको गुणस्तर वृद्धि गर्न विशेष कार्यक्रम लागू गरी सञ्चालन गरिएका विद्यालयहरू

निशुल्कता - कुनै पनि किसिमको शुल्क नलिई शिक्षण गर्ने विद्यालयहरू

# परिच्छेद - दुई

## साहित्यको पुनरावलोकन

यस अध्ययनमा सैद्धान्तिक खाका र पूर्वसाहित्यको पुनरावलोकन गरिएको छ । यस अध्ययनलाई दुई खण्डमा विभाजन गरी पहिलो शीर्षकमा यस अध्ययनसँग सम्बन्धित पूर्व साहित्यको पुनरावलोकन र दोस्रो खण्डमा अवधारणात्मक ढाँचा प्रस्तुत गरिएको छ ।

### २.१. सम्वन्धित साहित्यको पुनरावलोकन

कुनै पनि विषयवस्तुको अध्ययनका लागि त्यस विषयवस्तुवारे बिगतमा भए गरेका लेख रचना तथा विषयवस्तुसँग सम्वन्धित प्रतिवदेनको अध्ययन अनुसन्धान तथा विश्लेषण गर्न आवश्यक हुन्छ । यस अनुसन्धानलाई प्रभावकारी बनाउने सिलसिलामा यहाँ समुदायद्वारा व्यवस्थापन गरिएका विद्यालयहरूको शैक्षणिक योजना निर्माण, कार्यान्वयनको अवस्था र यसले शिक्षण सिकाइमा पार्ने प्रभाव सम्बन्धी पूर्व साहित्यको अध्ययन गरी अनुसन्धानात्मक समिक्षा गरिएको छ ।

निरौला (२०६३) ले सरकारी विद्यालयमा समुदायद्वारा हुने व्यवस्थापनको प्रभाव शीर्षकमा गरिएको शोधकार्यमा विद्यालय व्यवस्थापनको जिम्मेवारी समुदायलाई हस्तान्तरण गर्ने कार्यकम २०६० वाट शुरु भइसके पछि तेह्रथुम जिल्लामा पनि सो कार्यक्रम लागू भएको र त्यस्को १ वर्ष पछि कस्तो प्रभाव पर्‍यो भनी अध्ययन कार्य अगाडि वढाएको देखिन्छ । यसका लागि सोधकर्ताले तेह्रथुम जिल्लालाई नमुना जिल्ला मानी त्यहाँका वाह्रवटा समुदायमा हस्तान्तरण गरिएका विद्यालयहरूलाई नमुना छनोट गरी त्यसैको आधारमा तथ्याङ्क संकलन गर्दै अनुसन्धान गरिएको देखिन्छ । यस कार्यकमको प्रभावकारितावाट विद्यालयमा कुल भर्नादर वढ्न गएको, कक्षा छोड्ने दर घट्न गएको योजनावद्ध शिक्षण सिकाई कार्य संचालन गरिएको, सकाई उपलव्धिदरमा वृद्धि हुन गएको योजना कार्यान्वयनको अवस्था सुदृढ भएको समुदाय, प्र.अ. तथा शिक्षकहरूको संलग्नताका योजना निर्माण हुने गरेको, शिक्षकको उपस्थिति दर वढेको, विद्यालयप्रति समुदायको संलग्नता वढेको निष्कर्षमा उल्लेख गरिएको छ ।

गौतम (२०६६) ले 'सामुदायिक विद्यालय व्यवस्थापनको प्रभावकारिता' शीर्षकमा गरिएको अध्ययनमा समुदायलाई शसक्त वनाई योजनावद्ध व्यवस्थित शिक्षण सिकाई कार्य

कसरी अगाडी वढाउन सकिन्छ भन्ने कुरालाई यस्मा जोड दिईएको छ । सोध कर्ताले सङखुवासभा जिल्लाको धुपु र बाह्रविसे स्रोतकेन्द्र अन्तरगतका दुई विद्यालयहरूलाई आधारमानि गरिएको अध्ययनका तथ्याङ्क संकलनका सधनहरू विद्यालय अभिलेख अर्न्तवार्ता छलफल तथा अर्न्तक्रिया आदि अपनाएको देखिन्छ । अनुसन्धानकर्ताको निश्कर्ष अनुसार शिक्षकहरू प्रतिवद्धरुपमा शिक्षण सिकाई कार्यमा संलग्न नहुने गरेको, शिक्षणका लागि तर्जुमा गर्नु पर्ने योजना निर्माण र कार्यान्वयन पक्ष गौण रहेको, समुदायको विधालय प्रतिको सहयोग र सहभागिताको अवस्था कमजोर रहेको जस्ता निर्ष्कषहरू निकालिएका छन । समुदायलाई सकृय तुल्याउदै शिक्षकहरूले आफ्नो जिम्मेवारी पूर्ण रुपमा वहन गर्दै योजनावद्ध शिक्षण सिकाई कार्य अगाडी वढाउन शोधकर्ताले सुझाव दिएका छन । उनले योजनावद्ध शिक्षण सिकाइका जोड दिएका छन । समुदाय चनाखो हुनुपर्छ भन्ने उनको राय छ ।

प्रसाई (२०६७) ले सामुदायिक विधालयमा विधालय सुधार योजनाको प्रभावकारीता विषयमा गरिएको शोधकार्यमा सामुदायिक विधालयमा विधालय सुधार योजनाको अवस्था योजनाले विधालयको भौतिक तथा शैक्षिक सुधारका खेलेको भुमिका पुरातनवादी सोच र चिन्तनवाट प्रारम्भ भएका विधालयहरूलाई सुधार्नका लागि गरिएको प्रयास के कसरी कार्यान्वयन भएको छ भन्ने जानकारी प्राप्त गर्ने आधारमा विधालय सुधारयोजनाको प्रभाकारीताको लेखाजोखा र मुल्याङ्कन गरेको देखिन्छ । विधालय सुधार योजना विधालयको भौतिक शैक्षिक समुदायको विकास र योजनावद्ध शिक्षण सिकाइका लागि ल्याइएको कार्यक्रम हो । यो लागु हुनु अघि र पछिको अवस्थामा भए गरेका सुधारकार्यको तुलनात्मक लेखाजोखा गर्दा केहि सुधार हुन गरेको स्पष्ट पारेको छ । झापा जिल्लाको अनारमनि स्रोतकेन्द्र अर्न्तगतका ७ वटा सामुदायिक विधालयलाई गरिएको अध्ययनमा विधालय सुधार योजना अनुरुप योजनावद्ध शिक्षण सिकाई कार्य अगाडि वढाउदा प्रा.वि. तहमा विद्यार्थी उर्त्तिण दर ४.१४% ले वृद्धि हुन गएको, कक्षा छोड्ने दर ०.३ % ले घट्न गएको र कक्षा दोहोऱ्याउने दर अत्यैन्त न्यून रहेको अध्ययनले देखाएको छ । यस अनुसन्धानले आर्थिक अभाव, सचेतनाको कमि, सरोकारवालाहरूको तत्परतामा कमि, समुदायको परिचालनमा कमि, शिक्षक विद्यार्थी अनुपात नमिलेको अवस्था, प्रभावकारी अनुगमनको अभाव, योजना निर्माण गरी शिक्षण सिकाई गर्न शिक्षकहरूमा उदासिनता जस्ता समस्याहरू पनि प्रस्तुत गरिएका छन् ।

सिंह (२०६५) ले विधालय सुधार योजना निर्माण र कार्यान्वयनको अवस्था शिर्षकमा गरिएको अध्ययनमा, योजना निर्माणमा वास्तविक सहभागिता चुनौती र देखा परेका समस्या र समाधानका वारेमा उल्लेख गरेका छन् । शोधसारमा योजना निर्माणमा समुदाय संलग्न नहुने गरेको, विद्यालय आफैले  तयार गर्ने गरेको र ५ प्रतिशत विद्यालयहरूले मात्र योजना निर्माण गर्ने गरेको निष्कर्ष छ ।

रा.शि.प.यो. (२०२८-२०३२) शिक्षाको गुणात्मक प्रगतिलाई गुणात्मन प्रगतिसँग सन्तुलन गर्ने शिक्षका नयाँ सुविधाहरू योजनावद्ध तरिकाले दूर्गम क्षेत्रसम्म पुर्‍याउने र शिक्षाको स्तर वढाउन आवश्यक शैक्षिक सामाग्री उत्पादन र वितरण गर्ने नीति लिएको थियो । यो योजनाले विद्यालयहरूमा योजनावद्ध रुपमा शिक्षण सिकाई कार्य गर्न देशभर एउटै किसिमको पाठ्यक्रम लागु गर्ने व्यवस्थापनमा एकरुपता ल्याउने शिक्षक तालिमलाई अनिवार्य गर्ने, अतिरिक्त  कार्यकलापमा जोडदिने योजना अनुसार शिक्षण गर्ने जस्ता कुराहरू ल्याएको भएतापनि व्यवहारिक रुपमा कार्यन्वयन हुन सकेनन् ।


भट्टराई (२०६७) को सामुदायिक विद्यालयमा शैक्षणिक योजनाको प्रभावकारिता नामक सोधपत्रमा शैक्षणिक योजनालाई कक्षाकोठा भित्रको प्रभावकारी र योजनावद्ध रुपमा लिदै विद्यालयहरूमा शैक्षिक योजना निर्माणको विश्लेषण र प्रभावकारिता, पत्ता लगाउने मुख्य उद्देश्य राखेको देखिन्छ । सोधकर्ताले सुनसरी जिल्लाको इटहरी स्रोतकेन्द्र अर्न्तगत इटहरी नं.पा .भित्रका ५ वटा विद्यालयहरूलाई आधार बनाई गरिएको अध्ययनमा अर्न्तवार्ता, निर्देशिका प्रश्नावली, अभिलेख सर्वेक्षण फारमहरूवाट तथ्याङ्क संकलन गरी अन्वेषणात्मक र वर्णनात्मक अनुसन्धानका ढाँचा प्रयोग गरी अध्ययन पुरा गरेको देखिन्छ । अध्ययनमा शैक्षणिक योजना सहित शिक्षण गर्ने शिक्षकको संख्या ८० प्रतिशत रहेको र विना योजना २० प्रतिशत शिक्षकले शिक्षण गर्ने गरेको तथ्याङ्क रहेको छ । शैक्षणिक योजनाको कार्यान्वयनले पार्ने सकारात्मक प्रभावको बारेमा शोधपत्रमा योजना विना शिक्षण गर्दा उत्प्रेरणा जगाउन कठिन हुनेमा २० प्रतिशत निर्धारित उद्देश्य हाँसिल गराउन कठिन हुनेमा, ४० प्रतिशत पाठ बुझाउन कठिन हुने कुरामा २० प्रतिशत शिक्षकहरूले सहमति जनाएको कुरा उल्लेख गरिएको छ ।

विद्यालयमा शैक्षणिक योजनाको निर्माण तथा कार्यान्वयन गर्न प्र.अ. तथा शिक्षकहरूलाई प्रोत्साहित गर्नु पर्ने, नियमित अनुगमन गर्नुपर्ने, शिक्षकलाई योजना निर्माण

र कार्यान्वयन सम्बन्धी तालिमको व्यवस्था गर्नुपर्ने, आवश्यक शैक्षिक सामग्री उपलब्ध गराउनु पर्ने, योजना निर्माण गर्दा सरोकारवालासंग छलफल गर्नुपर्ने जस्ता सुझावहरू प्रस्तुत गरिएका छन् ।

शैक्षणिक योजना कक्षाकोठा भित्र प्रयोग गरिने हुनाले विद्यालय र शिक्षकको यस विषयमा महत्वपुर्ण भुमिका रहेको हुन्छ । राम्रो शिक्षाका लागि विद्यालय व्यवस्थापन र वातावरण राम्रो हुन आवश्यक हुन्छ । विद्यार्थीको आवश्कता अनुसार पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण हुनु पर्दछ । प्रभावकारी शिक्षणका लागि एकाई योजना, पाठयोजना निर्माण गरि शैक्षणिक उद्देश्यहरू विधिहरू मुल्याङ्कन तथा विषयवस्तुका एकाई अनुसार शिक्षण गर्नुपर्दछ । शिक्षाको गुणस्तर वृद्धि गर्ने प्रश्नमा कुनै एउटा तत्वले मात्र भुमिका नखेलेर विभिन्न तत्वहरूले असर पुऱ्याइरहेका हुन्छन । त्यसमध्ये शैक्षिक वातावरणलाई मुख्यरुपमा लिन सकिन्छ । शैक्षिक वातावरणमा प्रतिकुल असर पर्ने वित्तिकै शिक्षाको गुणस्तरमा ह्रास आउनु स्वभाविक हुन्छ । शैक्षिक वातावरणलाई असर पार्ने कारक तत्वहरूमा वार्षिक  कार्य तालिकामा राम्रोसंग लागु नहुनु, समय सापेक्षरुपमा पाठ्यक्रम र पाठ्यपुस्तक सुधार नहुनु, दक्ष जनशक्ति नहुनु, भौतिक सुविधाको कमि, नियमित पठनपाठन हुन नसक्नु, सरकारी निति स्पष्ट नहुनु, आचारसंहिता नबनाउनु जस्ता कारणले गर्दा, शैक्षणिक वातावरणको विकास हुन सकेको छैन भन्ने दृष्टिकोण रहेको छ  (भट्टराई, २०६७)।

## २.२. अवधारणात्मक ढाँचा




माथिको विभिन्न शोधकर्ता मित्रहरूले योजना निर्माण, व्यवस्थापन, कार्यान्वयन तथा योजनावद्ध शिक्षण सिकाईको सम्बन्धमा धेरै सवालहरू उठाउनु भएको छ । सोधकार्य गरी व्यवस्थापकिय रुपमा भएका धेरै कमिकमजोरीहरूलाई समेत उठाउनु भएको छ ।

उहाँहरूको सोधकार्यमा शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनका बाधा पुगेको देखाउनु भएको छ तर के कति कारणले सतप्रतिशत शिक्षकहरू योजनावद्ध शिक्षण सिकाईमा लाग्न सक्नु भएको छैन यो सावल निरुत्तरित छ। विद्यालयहरूमा शैक्षणिक योजनाको कार्यान्वयन पक्ष ज्यादै कमजोर छ। अनुगमन गरी शिक्षकहरूलाई प्रोत्साहित गर्दै शिक्षण जस्तो पावन कार्यमा किन समर्पित बनाउन सकिएको छैन। यस सवाललाई पनि खासै सम्वोधन गरिएको छैन । शैक्षणिक योजनाले शिक्षण सिकाएको सवालमा खेल्ने भुमिकाको वारेमा उल्लेख गरिएको भएता पनि शैक्षिक योजना निर्माण, कार्यान्वयन, आर्थिक स्रोत, शैक्षिक स्रोत आवश्यक सामाग्रीको उपलव्धता कसरी गर्नै भन्ने वारेमा पनि स्पष्ट धारण आएको छैन।

यसका साथै शैक्षणिक योजनाको कार्यान्वयन र विना योजना हुने शिक्षण सिकाईको अन्तरलाई तथ्याङ्कीय ढङ्गबाट प्रस्तुत गरिएको छैन । अर्थात शैक्षणिक योजना अनुसार शिक्षण गर्ने विद्यालय र विना योजना शिक्षण गर्ने विद्यालय विचको शैक्षिक उपलब्धिको अन्तरलाई पनि देखाएको छैन । यिनै अनुत्तरित सवालहरूको उत्तर खोजी गर्ने क्रममा सार्वजनिक विद्यालयहरूको शैक्षणिक योजना निर्माण कार्यान्वयनको वर्तमान अवस्था र त्यसले शिक्षण सिकाइमा पारेको प्रभाव पत्तालगाउने उद्देश्यका साथ यो खोजकार्य अगाडि वढाइएको छ।

यस अध्ययनले योजनावद्ध शिक्षण सिकाईका लागि देखा परेका समस्याहरू निराकरण गरी सम्वन्धित निकायलाई योजनावद्ध शिक्षण गराउन मद्दत पुऱ्याउछ छ । योजना वद्ध शिक्षणले शिक्षाको गुणस्तरमा वृद्धि ल्याउन शैक्षीक उत्पादन वृद्धि गराउन, विद्याथीहरूलाई शिक्षण सिकाई प्रति ध्यानाकर्षण गर्न, राष्ट्रिय शिक्षाका उद्देश्यहरू पूरा गर्न मद्दत पुर्याउँछ । यसले शैक्षणिक योजना विनाहुने शिक्षण कार्यलाई निरुत्साहीत गरी योजनावद्ध शिक्षणका लागि सरोकार वालाहरूलाई घच्घच्याउदछ। कार्यान्वय पक्ष फितलो हुनाका कारण शैक्षणिक योजना विना हुने शिक्षण कार्यलाई निरुत्साही गरी योजनाबद्ध शिक्षण सिकाइका लागि सरोकारवालाहरूलाई घचघचाउने छ। नियमित अनुगमन विना योजनावद्ध शिक्षण सिकाईलाई घच्घचाउन सकिदैन। यस अध्ययनले सरोकारवालाहरूलाई नियमित अनुगमन गरी कक्षाकोठामा योजनावद्ध शिक्षण गर्नका लागि शिक्षकहरूलाई प्रोत्साहित गर्न पनि सहयोग पुऱ्याउछ। योजनावद्ध शिक्षण सिकाइका लागि शिक्षकहरूलाई प्रोत्साहित गर्न अति आवश्यक भएको हुदा यस अध्ययनले सरोकारवालाहरूको ध्यान आकर्षण समेत गर्दछ।

# परिच्छेद - तीन

## अध्ययनको ढाँचा तथा विधि

कुनै पनि अध्ययन कार्यलाई बढी प्रभावकारी, दिगोपन र विश्वसनीय बनाउनका निमित्त अध्ययनका निश्चित विधिहरू एवम् वैज्ञानिक प्रक्रियाहरूको उपयोग गर्नुपर्ने हुन्छ । यसो भएको खण्डमा मात्र अध्ययनले ठोस निष्कर्ष दिन सक्छ । यहाँ, परिमाणात्मक र गुणात्मक अनुसन्धान ढाँचाअनुसार यस अध्ययनको कार्यविधि अपनाइएको छ । यस अध्ययनलाई ठोस निष्कर्षमा पुऱ्याउन विभिन्न प्रक्रियाहरूको अवलम्बन गरिएको छ । जुन तल क्रमशः प्रस्तुत गरिएको छ ।

### ३.१. अध्ययनको ढाँचा

यो अध्ययनमा विद्यालयको शैक्षणिक योजनाको निर्माणको अवस्था र त्यसले शिक्षण सिकाइमा पारेको प्रभावको बारेमा समिक्षा गर्ने प्रयास गरेको छ । विभिन्न श्रोतहरूबाट प्राप्त रचनाहरूको विश्लेषण गर्न वर्णात्मक ढाँचालाई अनुसरण गरिएको छ । यस अध्ययनको ढाँचालाई विशेषगरी तलको तालिकामा देखाइएको छ ।

| q m =; += | उद्देश्यहरू | विधिहरू | | | सुचनादाताहरू | | |
|---|---|---|---|---|---|---|---|
| | | अन्तरवार्ता | छलफल | लक्षित समूह छलफल | प्र.अ. | शिक्षक | श्रोतव्यक्ति |
| 1 | विद्यालयहरूले गरेको शैक्षणिक अवस्था पत्ता लगाउने | प्र.अ.<br>श्रोतव्यक्ति | - | शिक्षकहरू | ✓ | ✓ | ✓ |
| 2 | विद्यालय स्तरमा शैक्षणिक योजना निर्माणका समस्याहरू पत्ता लगाउने | प्र. अ.<br>शिक्षकहरू | वि.व्य.स. सदस्यहरू | अभिभावकहरू | ✓ | ✓ | ✓ |
| 3 | शैक्षणिक योजनाले शिक्षण सिकाइको क्षेत्रमा पार्ने प्रभाव | श्रोतव्यक्ति<br>वि.व्य.स.सदस्य तथा अध्यक्षहरू | | ✓ | | ✓ | ✓ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पत्ता लगाउने | | | | | | |

## ३.२. जनसङ्ख्या तथा नमुना छनोट

यस विषयको अध्ययनको लागि सुनसरी जिल्ला ६ नं क्षेत्र र इटहरी अन्तरगत पर्ने श्रोतकेन्द्रहरू महेन्द्रनगर श्रोतकेन्द्र, र इटहरी श्रोतकेन्द्र छनोट गरिएको छ । प्रत्येक श्रोतकेन्द्रबाट अध्ययनका लागि ४-४ वटा विद्यालयहरू छनोट गरिएको छ । महेन्द्रनगर श्रोतकेन्द्रवाट श्री महेन्द्र उ.मा.वि. महेन्द्रनगर, श्री कोशी मा.वि. बाग्झोरा, श्री वसन्तऋतु मा. वि. ढिकझोरा र श्री भानु नि.मा.वि. आइतवारे छनोट गरिएको छ । यसै गरी इटहरी श्रोतकेन्द्र अन्तरगत श्री महेन्द्र उ.मा.वि. इटहरी -२, श्री जव्दि मा.वि. हाँसपोसा, श्री शान्ति प्रा.वि. इटहरी र श्री पञ्चायत रजत जयन्ती नि.मा.वि. छनोट गरिएको छ साथै नमुना विद्यालयको रुपमा श्री वि.पि. प्रा.वि.भरौल र श्री शिशुज्योती निम्न मा.वि. महेन्द्रनगर छनोट गरिएको छ ।

## ३.३. नमुना छनोट

यस अध्ययनका लागि तथ्याङ्क संकलन गर्न प्रत्येक छनोटमा परेका श्रोतकेन्द्रहरूबाट १-१ जना गरी २ जना श्रोतव्यक्तिहरू, ८ वटा विद्यालयका ८ जना प्रधानाध्यापकहरू, छनोटमा परेका विद्यालयहरूबाट २-२ जना गरी जम्मा १६ जना शिक्षकहरू, छनोटमा परेका वि.व्य.स.का ८ जना अध्यक्षहरू र सबै विद्यालयहरूवाट २-२ जना पर्ने गरी अभिभावकहरू छनोट गरिएको छ । नमुना विद्यालयबाट १-१ जना प्रधानाध्यापक र २-२ जना शिक्षकहरू छनोट गरिएको छ ।

### ३.३.१. जिल्ला छनोट

सुविधाजनक नमुना छनोट विधिको आधारमा नेपालको कोशी अञ्चलको सुनसरी जिल्लालाई छनोट गरिएको छ ।

### ३.३.२. विद्यालय छनोट

महेन्द्रनगर गा.वि.स. अर्न्तगतका श्री महेन्द्र उ मा.वि, श्री कोशी मा.वि वाग्झोरा र भरौल गा.वि.स. अर्न्तगत श्री ज.डे.ज.उच्च.मा.वि., श्री महेन्द्र मा.वि. लाई सुविधाजनक नमुना छनोट विधिको आधारमा नमुना विद्यालयको रुपमा छनोट गरिएको छ यसका साथै इटहरी श्रोतकेन्द्रवाट श्री महेन्द्र उ.मा.वि. इटहरी -२, श्री जव्दि मा.वि. हाँसपोशा, श्री शान्ति प्रा.वि. इटहरी र श्री पञ्चायत रजत जयन्ती नि.मा.वि. इटहरीलाई छनोट गरिएको छ ।

### ३.३.३. प्र.अ.को छनोट

उद्देश्यमूलक नमुना छनोट विधिको आधारमा छनोटमा परेका प्रत्येक विद्यालयका १/१ जना प्र.अ छनोट गरिएको छ ।

### ३.३.४. शिक्षकको छनोट

महेन्द्रनगर गा.वि.स.र भरौल गा.वि.स अर्न्तगतका मा.वि, नि.मा.वि तथा प्रा.वि विद्यालयहरूबाट २/२ जना गरी १० जना शिक्षक नमुना छनोट विधिको आधारमा छनोट गरिएको छ ।

### ३.३.५. श्रोतव्यक्तिहरूको छनोट

उद्देश्यमूलक नमुना छनोट विधिको आधारमा महेन्द्रनगर श्रोतकेन्द्रका श्रोतब्यक्ति १ जना र इटहरी श्रोतकेन्द्रका श्रोतब्यक्ति १ जना गरी २ जना छनोट गरिएको छ ।

## ३.४. तथ्याङ्क संकलनका श्रोतहरू

### ३.४.१. प्राथमिक श्रोतहरू

सूचना सङ्कलनका लागि अपरिहार्य श्रोतहरू प्राथमिक श्रोत अर्न्तगत पर्दछन जसले अध्ययनका लागि आवश्यक पर्ने महत्त्वपूर्ण सुचनाहरू उपलब्ध गराउदछन् । यस्ता श्रोतहरू निम्नानुसार छन् ।

क) विद्यालयका प्र.अ.हरू

ख) शिक्षकहरू

ग) अभिभावकहरू

घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू

ङ) श्रोतव्यक्तिहरू

### ३.४.२. सहायक श्रोतहरू

समस्यासँग सम्बन्धित, पूर्वप्रकाशित लेख, रचना, पत्रपत्रिका, संकलित तथ्याङ्कहरू तथा अध्ययनसँग सम्बन्धित विभिन्न व्यक्तिहरूद्वारा प्रस्तुत विचारहरू यस सहायक श्रोत अर्न्तगत पर्दछन । यस्ता श्रोतहरू निम्नानुसार हुने गर्दछन :

क) विद्यालयको अवस्था र अभिलेख

ख) विषयसँगसम्बन्धित पत्रपत्रिकाहरू

ग) विषयसँग सम्बन्धित लेख तथा पुस्तकहरू

घ) सन्दर्भ सामाग्रीहरू

## ३.५ तथ्याङ्क संकलनका साधनहरूको निर्माण

### ३.५.१. अन्तरवार्ता

प्र.अ. शिक्षक, श्रोतव्यक्ति तथा वि.व्य.अध्यक्षहरूको सम्वन्धित समस्याको सूचना सङ्कलन गर्नका लागि वेग्लावेग्लै प्रश्नावली भएका अनुसूचीहरू तयार गरिएका छन् । अनुसूची एकमा प्र.अ.का लागि अन्तरवार्ता, अनुसूची दुईमा शिक्षकका लागि अन्तरवार्ता, अनुसूची तीनमा श्रोतव्यक्तिका लागि अन्तरवार्ता र अनुसूची चारमा वि.व्य.स. अध्यक्ष्यका लागि अन्तरवार्ता प्रश्नावली तयार गरी प्रस्तुत गरिएको छ ।

### ३.५.२. अवलोकन फाराम

अध्ययनको क्रममा विद्यालयको शैक्षणिक योजना निर्माण तथा कार्यान्वयन विवरण फाराम तयार गरेर फारामको आधारमा हाल सम्म के कसरी विद्यालयहरूमा शैक्षणिक योजना निर्माण तथा कार्यान्वयन भइरहेका छन भनी जानकारी लिनका लागि अनुसूची ५ अनुसारको अवलोकन फारम अभिभावक ज्यूहरूलाई वितरण गरी सूचना सङ्कलन गरिएको छ ।

### ३.५.३ रुजुसूचीको तयारी

अनुसन्धानका लागि आवश्यक सूचनाहरू संकलन गर्नको निमित्त आवश्यकता अनुसार रूजुसूची फाराम वि.व्य.स.का अध्यक्ष तथा सदस्यहरूलाई वितरण गरी आवश्यक सूचना संकलन गरिएको छ ।

### ३.६. साधनको वैद्यता निर्धारण

अध्ययन कार्यका लागि निर्माण गरिएका साधनहरूलाई उपयुक्त बनाउन साधनहरूको वैद्यता निर्धारण गर्नु पर्दछ । यसका लागि अनुसन्धान कर्ताले निर्माण गरेका साधनहरूलाई शिक्षाकर्मी, सहपाठी साथी, सहयोगी शिक्षक बिचमा छलफल गरी आवश्यक परामर्श लिई अन्तिममा शोध निर्देशकद्वारा निरीक्षण गराई वैद्यता निर्धारण गरिएको छ ।

### ३.७. तथ्याङ्क सङ्कलन प्रक्रिया

सूचना संकलन गर्न निर्माण गरिएका साधनहरू लिएर अनुसन्धानकर्ता, आफैं सुनसरी जिल्ला महेन्द्रनगर गा.वि.स. र भरौल कालावञ्जर गा.वि.स. अर्न्तगत रहेका अध्ययनका लागि छनोट गरिएका विद्यालयका प्र.अ. शिक्षकहरू, श्रोतव्यक्तिसंग लक्षित समूह छलफल गरी साथै पत्रपत्रिका, बुलेटिन पूर्व अध्ययन प्रतिवेदन आदि श्रोतको माध्यमद्वारा तथ्याङ्क संकलन गरिएको छ ।

# परिच्छेद - चार

## तथ्याङ्कको विश्लेषण र व्याख्या

यस परिच्छेदमा अध्ययनको उद्देश्य पूरा गर्नको निमित्त प्राप्त सुचना तथा मूल्याङ्कनहरूलाई विभिन्न उपयुक्त शीर्षकहरूमा विभाजन गरी प्रस्तुत गरेर स्थापित सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकनबाट प्राप्त तथ्यलाई जोड्दै विश्लेषण एवम् व्याख्या गरिएको छ ।

### ४.१ शैक्षणिक योजना निर्माणको वर्तमान स्थिति

शिक्षाका हरेक लक्ष्य तथा उदेश्यहरू प्राप्त गरी निर्धारित उपलब्धि हाँसिल गर्ने कार्यान्वयन गर्ने थलोको रूपमा विद्यालयलाई लिइने गरिएको छ । त्यसैले ती निर्दिष्ट गरिएका उद्देश्यहरू पूरा गर्न विद्यालय स्तरमा हरेक योजनाहरू निर्माण गरी निर्धारित उपलब्धि हाँसिल गर्ने चेष्टा गरिएको हुन्छ । तीनै योजनाहरू मध्ये शैक्षणिक योजना प्रमुख योजना भित्र पर्दछ । पाठ्यक्रम अनुसार निर्धारित विषयवस्तुका माध्यमवाट विद्यार्थीहरूमा आवश्यक ज्ञान, सीप र धारणाहरू प्रदान गर्न अपेक्षित उद्देश्य परिपूर्तिका निमित्त गरिने पुर्व तयारी नै शैक्षणिका योजना हो । छनोटमा परेका विद्यालयहरूको शैक्षणिक योजना निर्माणको अवस्था बुझ्न यस भित्र पर्ने तत्त्वहरूको निर्माणका बारेमा विस्तृत रूपमा जान्न जरुरी भएको हुँदा बुदाँगत रूपमा अवस्था पहिचान गरी विश्लेषण गरिएको छ ।

### ४.१.१ वार्षिक कार्यतालिका निर्माणको वर्तमान अवस्था

अध्ययनका क्रममा छनोटमा परेका विद्यालयहरूमा वार्षिक कार्यतालिकाको निर्माण गर्ने गरेको छ वा छैन भनी अध्ययन गर्दा महेन्द्रनगर चक्रघट्टी तथा इटहरी श्रोतकेन्द्र अन्तर्गतका सबै विद्यालयहरूले श्रोतकेन्द्र स्तरीय वार्षिका कार्यतालिकालाई नै आफ्नो वार्षिक कार्यतालिकाको रूपमा ग्रहण गर्ने गरेको पाइयो । यसो भए तापनि श्री महेन्द्र उच्च मा.वि. महेन्द्रनगर र श्री महेन्द्र मा.वि. इटहरीले वार्षिक कार्यतालिका निर्माण गरी भित्तामा टाँसेको पाइयो । वार्षिक कार्यतालिका निर्माणमा तपाइहरूको सहभागिता हुन्छ की हुदैन भनि म.उ.मा.वि. का एक शिक्षकलाई प्रश्न गर्दा प्र.अ. तथा माथिल्ला तहका शिक्षकहरूमात्र सहभागी भई बनाउने गरेको र अन्य शिक्षकहरूलाई सहभागि नगराइने गरिएको जानकारी दिनुभयो । बाँकी कोशी मा.वि., जडेज उ.मा.वि. कालावञ्जर, भानु नि.मा.वि. आइतबारे

तथा जब्दी मा.वि., पञ्चायत रजत जयन्ती नि.मा.वि.र शान्ति प्रा.वि.का प्र.अ. हरूलाई तपाईहरूले किन वार्षिक कार्य तालिका निर्माण नगर्नु भएको भनी प्रश्न गर्दा उहाँहरूले गत सालसम्म बनाउने गरेको थियो तर यस वर्षदेखि स्रोतकेन्द्रमा नै बनाई स्रोतकेन्द्र भरी एकै प्रकारको कार्य योजना लागू गर्ने भनी निर्देशन समेत भएकाले आफुहरूले छुट्टै नबनाएको बताउनु भयो ।

माथिका भनाइबाट प्रस्ट हुन्छकी वार्षिका कार्यतालिका श्रोतकेन्द्र स्तरीय हुने र निर्माण गर्दा पनि केहि शिक्षकहरू मात्र सहभागी हुने र अन्य कुनै पनि सरोकारवालालाई सहभागि नगराइने भएकाले कार्यन्वयन पक्ष त्यति मजवुद नभएको पाइयो । वार्षिक कार्यतालिकामा उल्लेखित अतिरिक्त क्रियाकलाप पनि तालिका अनुसार नहुने गरेको पाइयो । यस सन्दर्भमा पूर्व शोधकर्ता साथीहरूले व्यापक अनुसन्धान र व्याख्या विश्लेषण गरेको आधारमा मैले विद्यालयहरूको शैक्षणिक योजना निमार्ण तथा कार्यन्वयनको वर्तमान अवस्था र त्यसले शिक्षण सिकाइमा पारेको प्रभाव शीर्षकमा गरेको अनुसन्धानात्मक कार्यलाई तुलना गरेर हेर्दा शैक्षणिक योजना निमार्णमा विद्यालय तथा सरोकारवालाहरूले जुन रुपमा दिलचस्वी दिनुपर्ने हो त्यो रूपमा दिन नसकेको कुरा मिल्दो जुल्दो छ । सबै सरोकारवालाहरू शैक्षणिक योजना निमार्णमा गम्भीर भएर लाग्नुपर्ने कुरालाई यसले पनि समेट्न कोशिस गरेको छ । पुर्व साहित्यमा शैक्षणिक योजनाले शिक्षण सिकाइमा पार्ने प्रभावको बारेमा उल्लेख गरेको पाइएन । यसमा भने शैक्षणीक योजना निमार्ण गरी अध्यापन गर्ने विद्यालयहरू र नगर्ने विद्यालयहरू विच हुने गरेको शैक्षिक उपलब्धिलाई तुलनात्मक रुपमा विश्लेषण गरिएको छ ।

### ४.१.२ वार्षिक कार्ययोजना निर्माणको वर्तमान अवस्था

वार्षिक कार्ययोजना निर्माणको जिम्मेवारी पूर्णरूपमा शिक्षकहरूलाई नै हुने भएकाले यस्को निर्माणको सम्बन्धमा छनोटमा परेका विद्यालयहरूका शिक्षकहरूलाई वार्षिक कार्य योजना निर्माण गर्ने गर्नु भएको छ, भनी प्रश्न गर्दा सवै विद्यालयका शिक्षकहरूले बनाउने नगरिएको जवाफ दिनुभयो, सुनसरी जिल्ला शिक्षा कार्यालयले नमुना विद्यालयको रूपमा घोषणा गरिएका विद्यालयहरू शिशुज्योति नि.मा.वि. महेन्द्रनगर र वि.पि. प्रा.वि. कालावन्जरका शिक्षकहरूले भने प्रमुख विषयहरूको मात्र निर्माण गर्ने गरेका छौं, सरल

खालका विषयहरूको भने निर्माण नगर्ने गरिएको बताए, निर्माण गरिएका वार्षिक कार्ययोजनाहरू भने वार्षिक कार्यतालिका कुनै आधारमा निर्माण गर्ने गरिएको पाइयो ।

माथिको रायबाट के प्रष्ट हुन्छ भने अधिकांश विद्यालयहरूले वार्षिक योजना निर्माण गर्ने गरेका छैनन् । केहि छनोटमा परेका वा जिल्ला शिक्षा कार्यालयको नजरमा परेका विद्यालयहरूले आंशिक रूपमा निर्माण गर्ने गरेका छन् । यस अध्ययनबाट शिक्षकहरूले आफ्नो जिम्मेवारी र दायित्व पूरा नगरेको पाइयो ।

### ४.१.३. एकाइ योजना निर्माण

एकाइ योजना निर्माणका सम्बन्धमा छनोटमा परेका अधिकांश शिक्षकहरूलाई प्रश्न गर्दा जवाफमा वार्षिक कार्य योजना भन्दा पनि एकाइ योजना कम निर्माण हुने गरेको जवाफ पाइयो । छनोटमा परेका विद्यालयहरूका शिक्षकहरूको भनाइमा एकाइ योजनाको कुनै औचित्य छैन, एकाइ योजना विनानै पाठयोजना निमार्ण गरी प्रभावकारी शिक्षण सिकाइ गर्न सकिन्छ ।

उक्त भनाइ तथा स्थलगत अवलोकनवाट शैक्षणिक योजनाका तत्त्वहरूमध्ये एकाइ योजनालाई छनोटमा परेका प्राय सबै विद्यालयका शिक्षकहरूले त्यति प्राथमिकता नदिएको पाइयो । साथै शिक्षकहरूले आवश्कता महशुस गरेका योजनाहरू मात्र बनाउने हुँदा सबै योजनाहरूलाई प्राथमिकतामा नै राखी अध्यापन गराउन सम्बन्धित निकायले समय समयमा अनुगमन गरी सबै तत्त्वहरूलाई उत्तिनै प्राथमिकतामा राख्न सल्लाह, सुझाव र निर्देशन दिनु नितान्त आवश्यक देखिन्छ ।

एकाइ योजना निमार्णले शिक्षाको गुणस्तर उकास्न ज्यादैनै महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । एकाइ योजना निमार्णले त्यस एकाइ योजना भित्र भएका सम्पूर्ण पाठहरूका उद्देश्यहरू निर्धारण गर्ने, पाठ अनुसारका शिक्षण सिकाइ कार्यकलाप स्पष्ट गर्ने, मुल्याङ्कनका साधनहरू छनोट गर्न सहयोग गर्ने भएकाले शिक्षकलाई पाठ योजना निमार्ण गरी सफल शिक्षण गर्न सहयोग पुऱ्याउँछ । सफल शिक्षण तथा उपलब्धिमूलक शिक्षणका लागि यसले शिक्षकलाई गोरेटो प्रदान गर्दछ । यसको आधारमा उपयुक्त शैक्षिक समाग्रीहरूको छनोट गर्न सकिने र प्रयोग गर्न पनि सकिने हुँदा शिक्षण प्रति विद्यार्थीहरू आकर्षित भई शिक्षाको गुणस्तर वृद्धि गर्न सकिन्छ । योजना विनाको शिक्षणले शिक्षकलाई

कठिनाइ उत्पन्न गर्दछ भने योजनाबद्ध शिक्षणले शिक्षण सिकाइलाई प्रभावकारी र सरल तुल्याउँदछ । यसले शिक्षकलाई आफ्नो पेशागत दक्षता वृद्धि गर्न पनि सहयोग पुऱ्याउँछ । यसकारण सबै शिक्षकहरूले एकाइ योजना निमार्णमा सक्रिय सहभागीता जनाउन आवश्यक छ ।

### ४.१.४. दैनिक पाठयोजना निर्माणको वर्तमान अवस्था

अध्ययनको क्रममा छनोटमा परेका शिक्षकहरूसंग दैनिक योजना निर्माण गरी अध्यापन गर्नु हुन्छ, कि भनी सोधिएको एक प्रश्नको जवाफमा छनोटमा परेका विद्यालयहरूका शिक्षकहरू मध्ये केहि शिक्षकले पाठनोट निर्माण गरी शिक्षण गर्ने गरेको वताए भने अधिकांश शिक्षकहरूले पाठयोजना निर्माण र पाठनोट समेत निर्माण नगरी शिक्षण गर्ने गरेको पाइयो । किन निर्माण नगर्नु भएको भनी गरिएको प्रश्नको जवाफमा विद्यालयमा प्रचलन नभएको र समयको पनि अभाव भएको शिक्षकहरूले बताउनु भयो ।

माथिका तथ्यबाट के स्पष्ट हुन्छ भने, केहि शिक्षकहरूले पाठयोजना निर्माण गरी शिक्षण गर्ने गरेको भएता पनि अधिकांश विद्यालयका शिक्षकहरूले पाठयोजना शिक्षण गरी शिक्षण सिकाइ कार्य गरेको छैनन् । शिक्षकहरूले शिक्षण प्रति आफ्नो दायित्व पूर्णरूपले निभाउन नसकेको देखिन्छ । यसका लागि शिक्षकलाई पूर्ण जिम्मेवारी र उत्तरदायी बनाउन शिक्षकहरूका कमि कमजोरी पत्ता लगाई आवश्यक समन्यय र प्रेरणाको समेत वातावरण निर्माण गर्न जरुरी देखिन्छ ।

समग्रमा छनोटमा परेका सार्वजनिक विद्यालयहरूको शैक्षणिक योजना निर्माणको वर्तमान अवस्थालाई हेर्दा शैक्षणिक योजना भित्रको सुरुको योजना वार्षिक कार्यतालिका निर्माण देखि नै सम्पुर्ण सरोकारवालाहरूको सहभागिता नभएको, सरोकारवालाहरूले शैक्षणिक योजना निमार्णमा आवश्यक मात्रामा तत्परता नदेखाएको, हरेक कार्यकलापमा सरोकारवालाहरूको पूर्ण सहभागिता नहुँदा उनीहरू बिचको समन्वय अभावमा कारण मानव सम्बन्ध पनि त्यति राम्रो नभएको साथै, योजनाहरू निर्माण भए भएनन् भनी सम्बन्धित निकायले अनुगमन राम्रोसँग नगरेको आदि जस्ता कारणले शैक्षणिक योजना निर्माणको वर्तमान अवस्था सन्तोषजनक देखिदैन । यस कार्यलाई पूर्णता दिन सबै शिक्षकहरू लगायत सम्बन्धित सबैलाई आ-आफ्नो दायित्वप्रति उत्तरदायी एवम् जवाफदेहि बनाउन अति आवश्यक देखिन्छ ।

### ४.२. शैक्षणिक योजना कार्यन्वयनको वर्तमान अवस्था

विदालयले वनाइने शैक्षिक योजना भित्रकै एउटा पाटो शैक्षणिक योजना निर्माण गरेर मात्र पुग्दैन । यस्को कार्यान्वयनको पाटो महत्त्वपूर्ण हुन्छ । शैक्षणिक योजना निर्दिष्ट पाठ्यक्रमलाई कक्षकाठामा विद्यार्थी समक्ष सफलरुपमा कार्यान्वयन गर्ने योजना हो । यसकारण छनोटमा परेका सवै सार्वजनिक विद्यालयहरूमा निर्मित शैक्षणिक योजनाहरूको कार्यान्वयन कसरी भइरहेको छ ? यसवारे जानकारी हासिल गरी विश्लेषण गर्न यसका सवै पक्षहरूको वारेमा छुट्टा-छुट्टै अध्ययन गरिएको छ ।

### ४.२.१. वार्षिक कार्यतालिका कार्यान्वयन वर्तमान अवस्था

विद्यालय स्तरमा निर्मित वार्षिक कार्यतालिकाको कार्यान्वयनको अवस्थाको वारेमा बुझ्न छनौटमा परेका सवै सार्वजनिक विद्यालयहरूमा गई सम्बन्धित सरोकारवालाहरूसंग प्रत्यक्ष अन्तरवार्ता लिने क्रममा विभिन्न सरोकारवालाहरूले आ-आफ्नो तरिकाले विचार प्रस्तुत गरेका छन् । छनौटमा परेका सवै विद्यालयहरूका प्र.अ. हरूलाई विद्यालयमा वार्षिक कार्यतालिकाको आधारमा नै विद्यालय संचालन गरिराख्न भएको छ । कतिको कार्यान्वयनमा सफल हुनुहुन्छ ? भन्ने प्रश्नको जवाफमा प्राय सवै प्र.अ. हरूले वार्षिक कार्यतालिकाकै आधारमा विद्यालय संचालन गर्नृ गरिएको तर कार्यान्वयन चाहि देशको अस्थिर राजनिति रुणिवादी आर्थिक कमजोरी श्रोतसामाग्रीको अभाव आदि जस्ता कारणहरूले पुर्णरुपमा सफल नभई धेरै हदसम्म सफलै भएको जानकारी दिनु भयो भने जिल्लाले नमुना विद्यालय तोकेका विद्यालयहरूका प्र.अ. हरूले भने ९५% कार्यान्वयन गरेको कुरा बताउनु भयो ।

त्यसैगरी वार्षिक कार्यतालिका कार्यान्वयनमा सम्बन्धित सरोकारवालाहरू विषेश गरी वि.ब्य.स. अध्यक्ष तथा सदस्यहरू, अभिभावकहरू उच्साहित  भएर नलाग्नु र यस प्रति चासो नदेखाउनुको कारण पनि पुर्णरुपमा कार्यान्वयन हुन नसकेको गुनासो पनि प्र.अ.हरूको रहेको थियो ।

उक्त सवाललाई छनोटमा परेका सबै विद्यालयका वि.ब्य.स. अध्यक्षहरूलाई राख्दा उहाँहरूले पनि बन्द, हड्ताल, अपर्झट बिदा, सरकारको दलमुले निति आदिका कारणले पूर्ण रूपमा लागू गर्न नसकिएको प्रतिक्रिया दिनु भएको थियो ।

यसै क्रममा यसको कार्यान्वयनको बारेमा अभिभावकहरूको भनाई के छ, भनी बुझ्न प्रयास गर्दा धेरै जसो अभिभावकहरूले अनविज्ञता जारी गर्नुभयो । सरमिसहरूले राम्ररी गरिराख्नु भएको होला भन्ने किसिमको जवाफ पाइयो ।

माथिका सम्पूर्ण तथ्यहरूवाट के स्पष्ट हुन्छ भने वार्षिक कार्यतालिका विद्यालय संचालनमा अघि बड्ने मार्गनिर्देशिका त भएको छ, तर यो पूर्ण रूपमा लागू गर्न नसकिएको तथ्य प्रष्ट छ । जवसम्म विद्यालयहरूमा वनाइएका योजनाहरू पूर्ण रूपमा कार्यान्वयन गर्न सकिदैन, तवसम्म अपेक्षित शैक्षिक उपलब्धि हाँसिल गर्न सकिदैन । यस अध्ययनवाट के प्रष्ट हुन्छ भने वार्षिक कार्यतालिका निर्माणदेखि कार्यन्वयन तहसम्म आइपुग्दा सम्पुर्ण सरोकारवालाहरूको जिम्मेवारी पूर्ण उत्तरदायित्व वहनमा समेत कमजोरी भएको देखिन्छ । अभिभावकहरू यस प्रति अनविज्ञ भएको कारण यस प्रति पुर्णरूपमा सर्मपित हुन नसकेको कुरा पनि प्रष्ट हुन आउँछ । मानव सम्बन्ध सिद्धान्तले देखाए बमोजिम सम्पूर्ण सरोकारवालाहरूको पूर्ण रूपमा सहभागिता समन्वयात्मक सम्बन्ध निर्माण गर्नुपर्ने तथा चेतनामूलक र उत्प्रेरणा जगाउने खालका कार्यक्रमहरू समय-समयमा विद्यालय तथा श्रोत केन्द्रहरूमा भैरहनु पर्ने देखिन्छ । साथै विभिन्न बन्द हड्ताल जस्ता कारणले पनि विद्यालयलाई शान्तिक्षेत्र घोषित गरी सोही बमोजिम कार्यान्वयन गर्न गराउनमा सामुहिक प्रतिवद्धता हुनुपर्दछ । अनि मात्र वार्षिक कार्यतालिका अनुसार कार्यान्वयनका लागि उचित वातावरण मिल्न सक्दछ ।

### ४.२.२. वार्षिक कार्य योजना कार्यान्वयनको वर्तमान अवस्था

वार्षिक कार्ययोजनाले शिक्षकलाई कक्षा शिक्षणका लागि महत्त्वपूर्ण मार्गनिर्देशन गर्दछ । विद्यालयमा रहेक शिक्षकले बनाउनुपर्ने वार्षिक कार्ययोजना निर्माणकै अवस्था पनि बुझ्दा अधिकांश विद्यालयका शिक्षकहरूले नबनाउने गरेको पाइयो भने जिल्ला शिक्षा कार्यालयले नमुना विद्यालयको रूपमा तोकेका विद्यालयका शिक्षकहरूले आवश्यक विषयको मात्र योजना वनाइने गरिएको पाइयो । छनोटमा परेका विद्यालयहरू श्री म.उ.मा.,कोशी मा.वि., ज.डे.ज मा.वि.जब्दि आदि विद्यालयका शिक्षकहरूलाई यसको वारेमा प्रश्न गर्दा उहाँको जवाफ यस्तो थियो । “वार्षिक कार्ययोजना निर्माण नगरे पनि पाठ्यक्रमको आधारमा शिक्षण सिकाई गर्ने गरेका छौं । वार्षिक कार्ययोजना बनाउदा पनि बन्द हड्ताल, शोक विदा अपर्झट विदाका कारण कार्यन्वयन गर्न सकिदैन” ।

छनोटमा परेका अन्य विद्यालयका शिक्षकहरूलाई सोही प्रश्न गर्दा विद्यालयले अनुकुल वातावरण नबनाइदिने गरेको आवश्यक शैक्षिक सामाग्रीहरूको ब्यवस्थापन नगरीदिएको र बन्द हड्तालका कारण योजना वनाउने परिपार्टी अन्धकारमा परेको वताए ।

यसै क्रममा विद्यालयले आवश्यक वातावरण र शैक्षिक सामाग्री उपलब्ध नगराएको गुनासो शिक्षकहरूको रहेको छ, नि ? भनी श्री म.उ.मा.वि. महेन्द्रनगर, ज.डे.ज. मा.वि. कालावन्जरका प्र.अ.हरूलाई प्रश्न गर्दा जवाफ यस्तो पाइयो ।

“सामान्य खालका सामाग्री उपलब्ध गराएका छौ तर आर्थिक अभावका कारण पूर्ण रूपमा उपलब्ध गराउन सकिएको छैन र उचित वातावरण भन्नु भएको छ आन्तरिक कारणले खास असर पारे जस्तो लाग्दैन वाह्य वातावरणले पार्ने असर न्यूनीकरण गर्ने सवालका कतिपय कुराहरू हाम्रो पहुच भन्दा बाहिर रहेका छन् ।”

माथिका सम्पूर्ण यथार्थबाट के प्रष्ट हुन्छ भने वार्षिक कार्ययोजनामा कार्यान्वयन पनि बन्द हड्ताल, शोक विदा, खराव मौसमका कारण विद्यार्थीको उपस्थितिमा कमी हुनुका साथै शिक्षकलाई योजना कार्यान्वयनमा उचित वातावरण, तालिम र सहयोगको खाँचो देखिएको हुदा पूर्णरूपमा वार्षिक कार्ययोजना कार्यान्वयन हुन नसकि आशिंक रुपमा मात्र भएको पाइन्छ । यसमा पनि वानवतावादी सिद्धान्तकार माओले भने जस्तै सम्बन्धित सवैमा रहेका कमजोरी पत्ता लगाई दक्षता अभिवृद्धि गर्ने उचित तालिमको ब्यवस्था गर्दै हरपल उनीहरूको उत्साह उत्प्रेरणा जगाई राख्नुपर्ने हुन्छ ।

### ४.२.३. एकाई योजनाको कार्यान्वयनको वर्तमान अवस्था

अध्ययनको क्रममा छनोटमा परेका श्री म.उ.मा.वि. महेन्द्रनगर, कोशी मा.वि. ज.डे.ज.मा.वि., भानु नि.मा.वि. जब्दि मा.वि. लगायतका विद्यालयमा गई सम्बन्धित शिक्षकहरूलाई एकाई योजना निर्माण तथा कार्यान्वयनको वारेमा बुझ्दा एकाई योजना निर्माणलाई नै कम प्राथकिता दिने गरेको पाइयो । जिल्ला शिक्षा कार्यालयको प्राथमिकता क्रममा परेका विद्यालयका शिक्षकहरूले भने एकाई योजना त्यसको आधारमा पाठयोजना निर्माण गरी शिक्षण गर्ने गरेको पाइयो अधिकांश सार्वजनिक विद्यालयहरूका शिक्षकहरूले यसलाई मतलव मै नराखेको देखियो ।

वार्षिक कार्य योजना वनाउने गरेको छैन भनी वताउने श्री महन्द्र उ.मा.वि. महेन्द्रनगरका शिक्षकलाई किन वार्षिक योजना निर्माण नगरीकन कुन आधारमा अध्यापन गर्नुहुन्छ भन्दा उहाँहरूको प्रतिक्रिया यस्तो थियो ।

“एकाई योजना बनाएर के गर्ने यो देशको परिस्थिति आज एक प्रकारको हुन्छ, भोलि अर्कै । देशको अवस्था नै अस्थिर भएपछि एक वर्षको लामो योजना वनाइन्छ तर त्यो समयमा पूरा गर्न सकिदैन । वार्षिक कार्ययोजना योजना निर्माणको कुनै औचित्य छैन भने एकाई योजना निर्माणको के अर्थ रहन्छ ?”

अध्ययनको क्रममा शिशु ज्योती नि.मा.वि चौखोलाकी एक महिला शिक्षकले भनिन् आफुले एकाई योजना निर्माण गरी त्यसैको आधारमा पाठयोजना निर्माण गरी शिक्षण कार्य गर्ने कुरा वताइन ।

यसै क्रममा कोशी मा.वि. बाग्झोरा वि.ब्य.स. अध्यक्षलाई तपाईंको विद्यालयका शिक्षकहरूले एकाइ योजना निर्माण नगरीकन नै शिक्षण गर्दछौं भन्नुहुन्छ नि भन्ने प्रश्नको जवाफमा उहाँ भन्नुहुन्छ “त्यस विषयमा मलाई केहि थाहा छैन, बनाउनु पर्ने हो वा हैन, त्यो सरहरूले नै जान्ने कुरा हो ।”

यहि प्रश्न अन्य वि.ब्य.स. सदस्यहरूलाई राख्दा उहाँहरूले पनि सोहि उत्तर दोहोऱ्याउनु भयो ।

यस वाट के प्रष्ट हुन्छ भने सरोकारवाला सवैलाई सेमिनार गोष्ठि तथा सचेतना कार्यक्रम आयोजना गरी सम्बन्धित निकायले सचेत तुल्याउन आवश्यक छ । जवसम्म सार्वजनिक विद्यालयहरूका सरोकारवालाहरूलाई सचेत तुल्याउन सकिदैन तवसम्म गुणस्तरीय शिक्षा सम्भव छैन ।

### ४.२.४. पाठयोजना कार्यान्वयनको वर्तमान अवस्था

शैक्षणिक योजना भित्रका तत्वहरू एक अर्कोमा त्यतिनै सम्बन्धित र महत्त्वपूर्ण भए तापनि दैनिक पाठयोजना सवैभन्दा महत्त्वपूर्ण तत्त्वको रूपमा लिने गरिन्छ । अध्ययनको क्रममा दैनिक पाठयोजना नै नवनाई पाठ्यपुस्तकको आधारमा अधिद्वारा शिक्षकहरूले अध्ययन गर्ने गरिएको पाइयो । माथिल्ला कक्षाहरूमा शिक्षण गर्ने शिक्षकहरूले पाठयोजना

निर्माण नगरी त्यसको सट्टा पाठनोट तयार गरी शिक्षण गर्ने गरेको पाइयो । अध्ययनका लागी छनोटमा परेका महेन्द्रनगर श्रोतकेन्द्र र इटहरी श्रोतकेन्द्र अर्न्तगतका विद्यालयमा गई सम्बन्धित व्यक्तिहरूसंग दैनिक पाठयोजना तथा पाठनोट कार्यान्वयनको अवस्था बुझ्दा निम्न अनुसारका प्रतिक्रियाहरू प्राप्त भएको थियो ।

महेन्द्र उ.मा.वि. महेन्द्रनगर, भानु नि.मा.वि., ज.डे.ज मा.वि. कालावन्जर, जब्दि मा.वि. का शिक्षकहरूले पाठयोजना निर्माण र कार्यान्वयन सम्बन्धमा प्रस्तुत गरेका प्रतिक्रियाको मुल सार निम्न अनुसार रहेको छ ।

पाठयोजना निर्माण कसैले पनि गर्ने गरेको छैन । हामी कतिपयले माथिल्लो कक्षाहरूमा पाठनोटका आधारमा अध्यापन गर्ने कोसिस गरेका छौ । पाठयोजना निर्माण र कार्यान्वयनको अवस्था अत्यान्त कमजोर छ । कार्यान्वयन हुन नसक्नुमा विद्यालयले उचित वातावरण तयार गर्न नसक्नु, शैक्षिक सामाग्री उपलब्ध गराउन नसक्नु, शिक्षकहरूलाई प्रोत्साहित गर्न नसक्नु र उचित व्यवस्थापनको कमी आदि कारणहरू प्रमुख छन् ।

यसै सर्न्दभमा छनोटमा परेका सवै विद्यालयका प्र.अ.हरूलाई पाठयोजना निर्माण र कार्यान्वयनको अवस्था वारेमा बुझ्दा, कार्यान्वयनको अवस्था कमजोर रहेको शिक्षकहरूलाई निर्देशन दिदा पनि आलटाल गर्ने गरेको, टि.आई.वि. टि.पि.डी र अन्य श्रोतकेन्द्र स्तरीय तालिम मार्फत सवैलाई पाठयोजना निर्माण तथा प्रयोग सम्बन्धमा तालिम प्रदान गरिएको तर पनि कार्यान्वयन गर्न कठिन भइरहेकाले, यसमा हामी सबै सरोकारवालाहरूको कमी कमजोरी भइरहेको कुरा व्यक्त गर्नुभयो ।

नमुना विद्यालयको रुपमा जि.शि.का.ले घोषणा गरेका श्री वि.पि.प्रा.वि. र शिशुज्योती नि.मा.वि.का शिक्षकहरूलाई प्रश्न आफुहरूले पाठयोजना निर्माण गरी दैनिक रुपमा सोही अनुसार शिक्षण गर्ने कुरा बताउनु भयो ।

यसै सर्न्दभमा प्राय शिक्षक तथा अभिभावकहरूको गुनासोका साथै पृष्ठपोषण नगर्नाले निर्मित शैक्षिक योजनाहरू कार्यान्वयनहरू पूर्णरूपमा हुन नसकेको गुनासो छ नी भनी महेन्द्रनगर श्रोतकेन्द्रका श्रोतब्यक्ति र इटहरी श्रोतकेन्द्रका श्रोतब्यक्ति लक्ष्मी प्रसाद पौडेल र जनक वस्नेत समक्ष प्रश्न राख्दा उहाँहरूको प्रतिक्रिया यस्तो थियो ।

“प्राय समय-समयमा अनुगमन गरिरहेको अवस्था हो तर समय अभावको कारण प्रयाप्त अनुगमन नभएकै हो । समय-समयमा श्रोतकेन्द्रले तालिम, गोष्ठि तथा सेमिनार आदि सञ्चालन गरिरहनु पर्ने हुँदा साथै एउटै ब्यक्तिले २४/२० ओटा विद्यालय हेर्नुपर्ने भएकाले बाँकि समय प्रयाप्त नभएको कारण यस्तो भएको हो ।”

माथिका सवै सरोकारवालाहरूको भनाइबाट दैनिक पाठयोजनामा तथा पाठनोट पूर्णरूपले कार्यान्वयन नभएको अवस्थालाई बुझाउछ । पूर्ण कार्यान्वयन नहुनमा अनुगमन, लापरवाही, आर्थिक अभाव, शैक्षिक सामाग्रीको अभाव, प्र.अ.को अदुरर्दशिता, अभिभावकको अज्ञानता र वि.ब्य.स.का पदादिकारीहरूको लापरवाही आदि प्रमुख कारणहरू देखिन्छन भने शिक्षकले आफ्नो जिम्मेवारी र दायित्ववाट पूर्णरूपमा पन्छिने गरेको देखिन्छ । त्यसैगरी उचित वातावरणको अभाव, सरोकारवालाहरू बीच सहकार्यको अभाव, राजनैतिक कारण, शिक्षकहरूमा तत्परताको कमी, जनचेतनाको अभाव आदि कारणले पनि पाठयोजना निर्माण र कार्यान्वयनको अवस्था कमजोर भएको हो ।

समग्रमा भन्नुपर्दा पाठयोजना निर्माण र कार्यान्वयनको अवस्थालाई हेर्दा त्यति सन्तोषजनक छैन फोलेट र माओले भने जस्तै सरोकारवालाहरूको अभिच्छिन्न रूपमा सहभागिता नहुनु र उतप्रेरणा र तालिमको अभावहुनु, दोहोरो संचारको अभावहुनु, एकअर्कामा सद्भाव सत्कार नहुनु आदि कारणले पनि प्रत्यक्ष रुपमा प्रभाव पारिरहेको देखिन्छ ।

### ४.३ शैक्षिक योजना निर्माण तथा कार्यान्वयनमा सरोकारवालाहरूको सम्बन्ध

शैक्षिक यागेजना निर्माण तथा कार्यान्वयनमा सरोकारवालाहरूको पूर्णरूपमा हात रहेको हुन्छ । यिनीहरूको बिचमा, सहकार्य, माया, ममता, तत्प्रति सहयोगी भावना हुनु पनि त्यतिकै आवश्यक छ । त्यसकारण सरोकावालाहरूको बिचको सम्बन्ध, सहकार्य, माया, ममता, इर्ष्या, गुनासो आदिलाई बुझ्न ती दुई बिचको सम्बन्ध बुझ्दा यथार्थ स्थिति थाहा पाउन सकिने हुदा तिनै प्रक्रियाहरूलाई उपशीर्षक बनाई सामान्य विश्लेषण प्रस्तुत गरिएको छ ।

### ४.३.१ प्र.अ. र शिक्षक बिचको सम्बन्ध

विद्यालयको दैनिक कार्य संचालन गर्ने/गराउने मुख्य जिम्मेवारी प्र.अ. को नै हो । त्यसै गरी कक्षा शिक्षणको निमित्त एक महत्त्वपूर्ण व्यक्ति शिक्षक हो । यी दुवै शिक्षाको लक्ष्य तथा उद्देश्य हाँसिल गर्न वनाइएका निति, नियम, कार्यकलाप विधि मूल्याङ्कन आदिलाई कार्यान्वयन गर्ने गराउने ब्यक्तिहरू हुन् । अपेक्षित उपलब्धि हाँसिल गर्नका निमित्त दुवै बिच नङ र मासुको सम्बन्ध हुनुपर्दछ । यस कारण शिक्षक र प्र.अ. बिचको सम्बन्ध बुझ्न छनोटमा परेका श्री महेन्द्र उ.मा.वि., भानु नि.मा.वि., महेन्द्र मा.वि. इटहरी र.ज. नि.मा.वि. र जब्दि मा.वि. लगायत सम्पूर्ण विद्यालयमा गई अध्ययन गर्दा म.उ.मा.वि. महेन्द्रनगरमा शिक्षकहरू दुई समूहमा विभाजन भएका र एउटा समूहले मात्र प्र.अ.लाई सघाउने गरेको भानु.नि.मा.वि. का प्र.अ. विमला पौडेल विरुद्ध सबै शिक्षकहरू लागि उनलाई हटाउने प्रयास भइरहेको प.र.ज.नि.मा.वि. जब्दिमा प्र.अ. भन्दा १/२ जना शिक्षक आफुलाई सर्वश्रेष्ठ ठान्ने गरेको पाइयो भने अन्य विद्यालयमा प्र.अ. र शिक्षक बिचको सम्बन्ध सामान्य अवस्थामा रहेको पाइयो । जिल्लाले नमुना छनोट गरेका विद्यालयमा भने पूर्ण रूपमा एकअर्कामा सहयोगको स्थिति रहेको पाइयो ।

कतिपय विद्यालयहरूमा प्र.अ.को ब्यवहार प्रति असन्तुष्ट भएका, कतिपय विद्यालयहरूमा प्रशासन नियम संगत ढङ्गले चल्न नसकेको कारण शिक्षकहरूमा असन्तुष्टि देखियो । शिक्षक असन्तुष्ट भएर मनमा खिन्नताको भावना लिएर आएर कोठामा प्रवेश गर्दछ भने त्यहाँ कहिले पनि सफल र प्रभावकारी शिक्षण हुन सक्दैन । फलस्वरूप शैक्षणिक योजना निर्माण गरी पूर्ण प्रतिबद्धताका साथ काम हुन सक्दैन ।

### ४.३.२. वि.ब्य.स. र शिक्षक बिचको सम्बन्ध

यस विषयको सम्बन्धमा अध्ययन गर्नका निमित्त छनोटमा परेका सवै विद्यालयका ब्यवस्थापन समितिका पदाधिकारीहरूलाई भेटि प्रश्न गर्दा शिक्षकहरूसँग उहाँहरूको खासै सम्बन्ध नभएको कुरा बताउनु भयो । शिक्षकहरूलाई वि.ब्य.स.का पदाधिकारीहरूसँगको सर्म्पकको सम्बन्धमा बुझ्दा विद्यालयमा आउँदा भेटघाट हुने गरेको तर अध्यापन सम्बन्धमा कुनै पनि कुरा हुने नगरेको बताए ।

म.उ.मा.वि. महेन्दंनगर वि.ब्य.स. अध्यक्षलाई शिक्षकहरूको शिक्षण भूमिकाको बारेमा प्रश्न गर्दा उहाँहरू नै जान्नेबुझ्ने तालिम प्राप्त अनुभवी हुनुहुन्छ, उहाँहरूलाई हामीले के भन्ने र, शिक्षकहरूले पनि समस्या र गुनासो नराखेको कुरा बताउनु भयो ।

यसरी नै कोशी मा.वि.का वि.ब्य.स. अध्यक्षलाई शिक्षकहरूको शैक्षणिक योजना निर्माण र शिक्षण सिकाइ क्रियाकलापको बारेमा प्रश्न गर्दा उहाँले यदाकदा कक्षा अवलोकन गर्ने गरेको शिक्षकहरूले मेहेनत साथ शिक्षण गर्ने गरेको तर शैक्षणिक योजनाको बारेमा आफुलाई थाहा नभएको कुरा बताउनु भयो ।

त्यसैगरी नमुना विद्यालयहरूका वि.ब्य.स. अध्यक्षहरूलाई भेटी प्रश्न गर्दा सम्पूर्ण शिक्षण कार्य योजनावद्ध रुपमा हुने गरेको वताए ।

माथिका भनाइबाट प्रष्ट हुन्छकी हालसम्म वि.ब्य.स. र शिक्षकहरूको संयुक्त बैठक बसी शिक्षण सिकाइको सम्बन्धमा छलफल हुने नगरेको, वि.ब्य.स. ले पूर्णरूपमा आफ्नो भूमिका निर्वाह गर्न नसकेको, आफ्नो काम कर्तब्य, अधिकारको बारेमा प्रष्ट हुन नसकेको, शिक्षकहरूलाई पृष्ठपोषण प्रदान गर्न नसकेको कारण शैक्षणिक योजना निर्माण र कार्यान्वयनमा शिक्षकहरू उत्साहित भएर लाग्न नसकेको प्रष्ट हुन्छ ।

### ४.३.३. विद्यालय र श्रोतब्यक्ति बिचको सम्बन्ध

गुणत्मक शिक्षा सर्वसुलभ गराउने, विद्यालयहरूमा शैक्षिक चेतना अभिवृद्धि गर्ने, अगुवाका रुपमा श्रोतकेन्द्रलाई लिइन्छ । यसको रेखदेख  संचालन र ब्यवस्थापन गर्नका निमित्त श्रोतब्यक्तिको ब्यवस्था गरिएको हुन्छ । अध्ययनका क्रममा छानौटमा परेका विद्यालयहरूका सरोकारवालाहरूलाई श्रोतब्यक्तिहरूसंगको सम्बन्धको वारेमा प्रश्न गर्दा निमन अनुसारका जवाफहरू पाइयो ।

श्री महेन्द्र.उ.मा.वि. महेन्द्रनगरका शिषकलाई श्रोतब्यक्तिले तपाईहरूको अध्ययन कार्यको अनुगमन, सुपरिवेक्षण गरी शिक्षण सिकाईमा कतिको सहयोग पुऱ्याउने भउको छ ? भनी प्रश्न गर्दा उहाँले यस किसिामको सहयोग नगरीएको तर श्रोतकेन्द्रमा विभिन्न तालिम गोष्ठिमा सहभागी हुँदाको भेटघाटमा आफ्ना समस्या राख्दा सल्लाह, सुझाव दिने गर्नुभएको बताउनु भयो ।

यसै सर्न्दभमा महेनद्रनगर श्रोतकेन्द्रका श्रोतब्यक्ति लक्ष्मी प्रसाद पौडेल र जनक वस्नेतलाई विद्यालय अनुगमन ज्यादै कम हुने गरेको प्र.अ. तथा शिक्षकहरूको गुनासो छ नि ? भनी प्रश्न गर्दा उहाँहरूले श्रोतकेन्द्रमा नै विभिन्न तालिम गोष्ठि तथा अन्य कार्यक्रमहरू संचालन भै रहने हुँदा समयको अभावको कारण प्रयाप्त सुपरिवेक्षण हुन नसकेको कुरा स्विकार गर्नुभयो ।

महेन्द्र.उ.मा.वि., भानु.नि.मा.वि., ज.डे.ज.उ.मा.वि. तथा अन्य छनोटमा परेका विद्यालयका प्र.अ. हरूलाई श्रोतब्यक्तिको विद्यालयमा हुने गरेको भूमिकाको बारेमा प्रश्न गर्दा शिक्षकहरूलाई बेलाबखतमा बोलाइ टि.पि.डी., टि.आई.पी. परियोजना कार्य र शिक्षणमा शिक्षकलाई कठिन भएका विषयवस्तुहरूको बारेमा जानकारी दिने गरेको, प्र.अ.हरूलाई विद्यालय सुधार योजना निर्माणमा एकरुपता ल्याउन प्रयास गरेका जस्ता कुराहरू बताउनु भयो । विद्यालय अनुगमन तथा निरीक्षणमा भने त्यति समय दिन नसकेको कुरा बताउनुभयो ।

समग्रमा सम्बन्धित सरोकारवालाहरूको सम्बन्धलाई केलाउदा प्र.अ. र शिक्षक, वि.ब्य.स. र शिक्षकबिच त्यति राम्रो सम्बन्ध सहकार्य संचार हुन नसकेको देखिन्छ । श्रोतब्यक्ति र विद्यालय बिचको सम्बन्ध नराम्रो पाइएन । श्रोतब्यक्तिको समयको अभावको कारण आफ्नो भूमिका पूर्णरूपमा निर्वाह गर्न नसकेको पाइयो । वि.ब्य.स. का अधिकांश पदाधिकारीहरूले आफ्नो जिम्मेवारी पूर्णरूपमा बुझ्न नसक्दा शिक्षकसँग सहकार्य गर्न नसकेको पाइयो । यी सम्पूर्ण यथार्थबाट सबै सरोकारवालाहरू बीच सन्तोषजनक रुपमा अझ पनि सम्बन्ध राम्रो नभएको नै बुझिन्छ । सबैले आ-आफ्नो जिम्मेवारी कर्तब्य बुझेर लाग्न सके शैक्षणिक योजना निर्माण र कार्यान्वयनमा सघाउ पुग्ने देखिन्छ ।

### ४.४. शैक्षणिक योजना निर्माण र कार्यान्वयनमा देखिएका समस्याहरू

सुनसरी जिल्ला महेन्द्रनगर र इटहरी स्रोतकेन्द्र अन्तरगतका सार्वजनिक विद्यालयहरूमा शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनमा आइपरेका समस्याका सम्वन्धमा अध्ययन गर्न छनोटमा परेका विद्यालयहरूमा प्रत्यक्ष अवलोकन, छलफल, भेटघाट प्र.अ., शिक्षक, वि.ब्य.स. अध्यक्ष तथा सदस्य, अभिभावक एवम् स्रोत व्यक्तिको प्रश्नावली तथा अन्य अनौपचारिक रूपमा गरिएका खोजहरूबाट प्राप्त सूचनाहरूलाई केलाउँदा व्यापक समस्याहरू रहेको तथ्य पाइन्छ ।

### ४.४.१ शैक्षणिक योजना निर्माणमा देखिएका समस्याहरू

शैक्षणिक योजना कार्यन्यनको सन्दर्भमा देखिएका समस्याहरूमा कमजोर राजनैतिक अवस्था आर्थीक अभाव शैक्षिक तथा सर्दभ सामाग्रीहरूको उपलव्दतामा कमी हुनु वन्द हड्ताल तथा शिक्षकहरूमा शैक्षीक उर्जाको कमी हुनु, वार्षीक क्यालेन्डर अनुगमन तथा सुपरीवेक्षण हुन नसक्नु र दण्ड पुरस्कारको व्यवस्था जस्ता समस्याहरू रहेका कुराहरू टनोटमा परेका प्र.अ. शिक्षक वि.व्य.स. अध्यक्षहरूले औल्याउनु भएको छ । यसको सन्दर्भमा अध्यानको क्षत्रभित्र परेका शिक्षकहरूलाई सोधा उहाहरूले वार्षिक कार्यतालीका निमार्णको प्रकृया गलत भएको वताउनु भएको छ । उहाँहरूले शैक्षीक सामाग्री सन्दर्भ सामाग्री खेलकुद सामाग्री पुस्तकालय आधी विद्यालयले राम्रो सँग मिलाउन नसकेको कुरा वताउनु भएको छ । अध्यायन क्षत्रका एकजना शिक्षकका अनुसार कक्षा कोठाको व्यवस्थापन विद्यार्थीको सन्तुलन कायम गर्न नसकेको कुरा वताउनु भएको छ । यसै सन्दर्भमा छनोटमा परेका विद्यालयका प्र.अ. लाई सोध्दा शिक्षक विना तयारी कक्षाकोठामा आउने गरेको शिक्षकहरू पूरा समय कक्षा कोठामा नवस्ने गरेको र शिक्षकहरू नियमित रुपमा उपस्थीत नहुने गरेको जस्ले गर्दा शिक्षण सिकाइमा नकरात्मक प्रभाव पर्ने गरेको बताउनु भएको छ । अध्ययन क्षेत्रका वि.व्य.स. अध्यक्षलाई सोधनी गर्दा शिक्षकहरूले आफ्नो पेशालाई भन्दा आफ्नो निजी पेसालाई प्रथमिकता दिने गरेको वताउनु भएको छ ।

### ४.४.२ शैक्षणिक योजना कार्यान्वयनमा देखिएका समस्याहरू

विद्यालयहरूमा शैक्षणीक योजनानिमार्ण तथा कार्यन्वयनमा देखा परेका विभिन्न किसिमका समस्याहरू के कसरी समाभान गर्न सकिन्छ भन्ने कुरामा छनोटमा परेका वि.व्य.स. अभ्यक्ष प्र. अ. शिक्षक अभिभावकहरूलाई छलफलको आधारका संकलन गर्ने क्रममा प्रस्तुत गरिएका सुझवहरूलाई क्रमवद्ध रुपमा प्रस्तुत गरिएको छ । उहाँहरू द्धारा प्रस्तुत गरिएका सुझावहरूमा शैक्षणीक योजना निमार्ण गर्न सवै सरोकारवाला हरूलाई अनिवार्य रुपमा सहभागी गराई योजना निमार्ण गर्नुपर्ने, विषय वस्तु र पाठ अनुसारका शैक्षीक सामाग्रीहरूको व्यवस्था मिलाईनु पर्ने, शैक्षीक योजनाहरूको कार्यन्वयनका प्र.अ. र वि.व्इ. स. अध्यक्षहरू चनाखो हुनरपर्ने विद्यार्थीहरूलाई नियमित उपस्थीती हुने वातावरण श्रृजना गर्नुपर्ने शिक्षक तालीमको व्यवस्था मिलाइनु पर्ने, निरन्तर मूल्याङ्कन र पृष्ठपोषण गर्नुपर्ने कुराहरू वताउनु भएको छ ।

१. शिक्षकहरू राजनितिमा संलग्न हुनु ।

२. शिक्षकद्वारा कक्षा नियन्त्रण हुन नसकी हो-हल्ला हुनु ।

३. प्र.अ. को भन्दा शिक्षकहरूको राजनैतिक हैसियत वढि हुनु ।

उपरोक्त कुराहरू अभिभावक, प्र.अ., शिक्षकहरूको छलफलवाट निकालिएका हुन् ।

### ४.५ शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनमा देखिएका समस्या समाधानका उपायहरू

यस शोध अध्ययनका क्रममा सार्वजनिक विद्यालयहरूको शैक्षिक योजना निर्माण तथा कार्यान्वयनमा देखिएका समस्याहरूलाई कसरी समाधान गर्न सकिन्छ भन्ने सन्दर्भमा छनेटमा परेका विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष, अभिभावक तथा स्रोतव्यक्तिहरूसंग गरिएका अन्तरवार्ता, छलफल, अवलोकन, रुजुसूची आदिको माध्यमवाट प्राप्त सुझाव अनुसार निम्न अनुसार समाधानका उपायहरू प्रस्तुत गरिएको छ ।

१) शैक्षणिक योजना निर्माणमा सम्पुर्ण सरोकारवालाहरूलाई सहभागी गराउनु पर्छ ।

२) योजना बमोजिम विद्यालय सञ्चालन हुनुपर्ने ।

३) सबै विषयसँग सम्वन्धित शैक्षिक सामाग्रीहरूको अग्रिम व्यवस्था गरिनु पर्ने ।

४) वार्षिक कार्यतालिका शैक्षिक सत्रको सुरुमा नै उपलब्ध गराइनु पर्ने ।

५) विद्यालय, प्रशसन, वि.व्य.स. र शिक्षकहरू योजना कार्यान्वयनमा सकृय हुनुपर्ने ।

६) विद्यार्थीहरू नियमित उपस्थित हुने वातावरण तयार हुनुपर्ने ।

७) विद्यार्थी शिक्षक अनुपात मिलाएर कक्षा संचालन गरिनु पर्ने ।

८) सबै शिक्षकलाई तालिमको व्यवस्था मिलाइनु पर्ने ।

९) तालिमको व्यवस्था शैक्षिक सत्रको सुरुमा मिलाइनु पर्ने ।

१०) सम्वन्धित निकायले वेलावखत अनुगमन गरी सुझाव दिनुपर्ने ।

११) शिक्षकहरूलाई जिम्मेवारी वोध गराउनु पर्ने छ ।

१२) निरन्तर मुल्याङ्कन तथा पृष्ठपोषण पद्धतिमा ध्यान दिनुपर्ने ।

### ४.६ शिक्षण सिकाइमा शैक्षणिक योजनाले पारेको प्रभाव

यस अध्ययनको क्रममा छनोटमा परेका सार्वजनिक विद्यालयहरूमा गई विद्यालयले राखेका शैक्षिक उपलब्धि रेकर्ड, परिक्षाफल पुस्तिका तथा श्रोतकेन्द्रले निर्माण गर्न लगाएको कक्षा १ र कक्षा २ मा राखिएका रेकर्डको आधारमा सिकाइ उपलब्धि अध्ययन गर्दा निम्न अनुसारको परिणमा प्राप्त भयो ।

महेन्द्र उ.मा.वि. महेन्द्रनगरमा राखिएका कक्षा १ र कक्षा २ को आधारमा औषत सिकाई उपलब्धि ३२.४६%,त्यसैगरी कोशी मा.वि. को ४२.५६%, भानु नि.मा.वि. ४०.३२%, ज.डे.ज. मा.वि. कालावञ्जर २७.५६% देखियो भने अन्य छनोटमा परेका विद्यालयहरूको औषत सिकाइ उपलब्धिको सन्दर्भमा गणित, विज्ञान, अंग्रेजी विषयमा ज्यादै न्युन देखिन्छ । यी विद्यालयहरूले योजनावद्ध शिक्षण सिकाइमा ध्यान नदिएको कारण यस किसिमको उपलब्धि हाँसिल हुन गएको स्पष्ट हुन्छ किनभने जि.शि.का. ले नमुना विद्यालय घोसणा गरेका विद्यालयहरू शिशुज्योति नि.मा.वि. र वि.पि. प्रा.वि.मा योजना वद्धरुपमा शिक्षण सिकाइ कार्य गरेका हुदा ती विद्यालयहरूको क्रममा औसत सिकाइ उपलब्धि ८२.२६% ८०.६३% देखिन्छ ।

यसवाट के स्पस्ट हुन्छ भने जुन विद्यालयका शिक्षकले योजना वद्धरुपमा शिक्षण सिकाई गरेका छन् ती विद्यालयहरूको विषयगत तथा तहगतरुपमा औषत सिकाई उपलब्धि उच्च देखिन्छ । सार्वजनिक विद्यालयहरू प्रायजसो सबैले नै योजना निर्माण नगरी नै शिक्षण गर्ने गरेका छन् फलस्वरुप त्यसको प्रत्यक्ष असर एस्.एल्.सी. परीक्षाफल वाट पनि देखिने गरेको छ । सार्वजनिक अधिकांस विद्यालयहरूको विद्यालयहरूको विद्यार्थी उत्तिर्ण दर १२%, १०%, १५%, २०% सम्म मात्र देखिने गरेको छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने सार्वजनिक विद्यालयका सरोकारवाला सवैले योजना निर्माणमा ध्यान दिई त्यसलाई कार्यान्वयन गर्न सकेमा सार्वजनिक विद्यालयहरूको परीक्षाफल पनि उच्च हुने देखिन्छ । यसका लागी सबैभन्दा बढि चनाखो प्रतिवद्ध मेहेनती कुरा शिक्षकले नै हुनु पर्दछ । कक्षामा झारो टार्ने काम बन्द गर्नुपर्छ । कक्षामा नयमित हुनुपर्छ । आफ्नो कामलाई भन्दा पेशालाई प्राथमिकता दिनुपर्छ । यसो गरिएमा अवस्य पनि शिक्षण सिकाईमा सुधार गर्न सकिन्छ ।

# परिच्छेद - पाँच

## प्राप्ति, निष्कर्ष र सुझाव

यस परिच्छेदमा अघिल्लो पच्छिेदमा गरिएको नतिजाको बिश्लेषण एवम् व्याख्यावाट प्राप्त तथ्य कुराहरूलाई प्रस्तुत गर्नुका साथै त्यसको आधारमा निष्कर्ष समेत निकालिएको छ । अध्ययनको क्रममा सार्वजनिक विद्यालयको शैक्षिक योजना निर्माण र कार्यान्वयनको अवस्था पहिचान सम्वन्धित सरोकारवालाहरू बिचको आपसी सम्वन्ध त्यसका समस्या, समस्या समाधानका उपायहरू तथा अभिलेख अध्ययनका माध्यमवाट प्राप्त नतिजाका आधारमा आवस्यक तहगत रुपमा सुझावहरू समेत प्रस्तुत गरीएको छ ।

## ५.१ प्राप्ति

शोधकार्य अध्ययनको क्रममा प्राप्त तथ्याङ्कहरूको विश्लेषणले सम्वन्धित क्षेत्रमा रहेको वास्तविकतालाई वाहिर ल्याउन सहयोग पुग्छ । विद्यालय सञ्चालन, प्रगति र विकासका लागी शैक्षणिक योजना महत्वपुर्ण छ । यस कारण विद्यालयमा शिक्षण योजना कार्यान्वयनको वर्तमान अवस्था र त्यसले शिक्षण सिकाईमा पारेको प्रभावको अवस्था बुझ्न महेन्द्रनगर श्रोत केन्द्र अन्तरगतका ४ वटा विद्यालयहरू इटहरी श्रोत केन्द्र अन्तरगतका ४ वटा र जि.सि.का. का कार्यालय सुनसरीले नमुना विद्यालय घोषित गरेका २ विद्यालयहरूसंग सम्वन्धित नमुना छनौटमा परेका जनसङ्ख्या माथि अनुसन्धानका साधनहरू वाट तथ्यांक सङ्कलन गरी व्याख्या विश्लेषण गर्दा निम्न अनुसारको तथ्य प्राप्त भएको छ ।

### ५.१.१ शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनको अवस्था विश्लेषण सम्वन्धमा

क) स्रोत केन्द्रले निर्माण गर्ने वार्षिक कार्यतालिका निर्माणमा स्रोतव्यक्ति र प्र.अ. हरूको मात्र सम्लग्नता रहने गरेको पाइयो ।

ख) अध्ययनको छनैटमा परेका सवै विद्यालयहरूले वार्षिक कार्य तालिका निर्माण गर्ने गरेको तर पुर्ण रुपमा कार्यान्वयन भने हुन नसकेको पाइयो ।

ग) छनौटमा परेका विद्यालयहरूका केही शिक्षकले मुख्य मुख्य विषयहरूको मात्र वार्षिक कार्ययोजना निर्माण गरेको पाइयो ।

घ) एकाइ योजनालाई प्राय शिक्षकहरूले प्राथमिकता नदिने गरिएको पाइयो ।

ङ) पाठ योजनाको निर्माण तल्लो कक्षामा शिक्षण गर्ने शिक्षकले नवनाई शिक्षण गर्ने गरेको पाइयो भने माथिल्लो कुरामा शिक्षण गर्ने शिक्षकले पाठ नोट वनाई शिक्षण गर्ने गरेको पाइयो ।

च) शैक्षणिक योजनाहरू कुनैपनि पुर्ण रुपमा लागु हुन नसकेको पाइयो ।

छ) विद्यालयले निर्माण गर्ने शैक्षणिक योजनाहरूको निर्माणमा प्र.अ. र केही नजिकका मा.वि. शिक्षकहरूको मात्र संलग्नता हुने तर अन्य शिक्षकहरू वञ्चित रहेको अवस्था पाइयो ।

### ५.१.२ सरोकारवालाहरू विचको आपसी सम्वन्धको वारेमा

क) प्र.अ. र शिक्षक, शिक्षक र वि.व्य.स. विचको सम्वन्ध त्यति सन्तोषजनक नभएको पाइयो ।

ख) विद्यालय, शिक्षक, स्रोतव्यक्ति विचको सम्वन्ध राम्रो पाइए तापनि स्रोत व्यक्ति द्वारा विद्यालयहरूको अनुगमन सुपरिवेक्षण ज्यादै कम गर्ने गरेको जन गुनासो पाइयो ।

ग) प्राय अभिभावकहरूले विद्यालय नजाने कारण शिक्षक तथा प्र.अ. संग कम सम्पर्क हुने गरेको पाइयो ।

घ) प्राय सबै सरोकारवालाहरू पुर्ण रुपमा जिम्मेवार भई दाइत्व निर्वाह नगर्ने गरेको पाइयो ।

### ५.१.३ समस्या तथा समाधानका उपायहरू सम्वन्धमा

क) प्राय सबै विद्यालयहरूमा आर्थिक दुर्वलताका कारण शैक्षिक, खेलकुद, सामाग्री, पुस्तकालय, विज्ञान प्रयोगशालाको अभाव भई शिक्षण सिकाइमा त्यसले प्रतिकुल असर पारेको देखियो ।

ख) राजनैतिक अस्थिरताका कारण वन्द, हड्ताल हुने वि.व्य.स. चयन शिक्षक नियुक्ति आदिमा राजनैतिक खिचातानिले विद्यालय सञ्चालन तथा व्यवस्थापन र गुणस्तरीय शिक्षा प्रदान गर्नमा वाधा पुग्न गएको देखियो ।

ग) शिक्षकहरू पनि पार्टीगत राजनिती र आफ्नो निजी व्यवसायमा लाग्नगई विद्यालयहरूमा नियमित कक्षा हुन नसकेको पाइयो भने कक्षा पुरा समय नलिने गरेको र तालिममा सिकेका सिपहरू उपयोगमा नल्याउने गरेको पाइयो ।

घ) कतिपय शिक्षकहरूले संघ संगठनमा लागी विद्यालय प्रसासनलाई विल्कुल नटेर्ने गरेको पनि पाइयो ।

ङ) सम्वन्धित निकायले अनुगमन र सुपरिवेक्षण नगरेका कारण योजनाबद्ध रुपमा व्यवस्थित ढङ्गले प्राय शिक्षकहरूले शिक्षण सिकाइ कार्य अगाडि वढाउन नसकेको र नगरेको देखियो ।

## ५.२ सुझावहरू

विद्यालयहरूको शैक्षणिका योजना निर्माण तथा कार्यान्वयनको वर्तमान अवस्था र त्यसले शिक्षण सिकाइमा पारेको प्रभाव अध्ययनको विश्लेषणवाट गरिएको प्राप्ती तथा निकर्षका आधारमा भविष्यमा शैक्षणिका योजना कार्यान्वयन सम्वन्धी अझ प्रभावकारी एवं उपलव्धिमुलक तरीकाले अघि वढ्न नितिगत तहमा लिनुपर्ने निर्णयहरू अभ्यास तहमा गर्नुपर्ने कार्यहरू र अनुसन्धान तहमा थप अनुसन्धान गर्न चहाने अनुसन्धानकर्तालाई समेत निम्न अनुसारका सुझावहरू प्रस्तुत गरीएको छ ।

क) विद्यालयलाई सम्वन्धित निकायले अनिवार्य रुपमा वार्षिक कार्य तालिका निर्माण गर्न लगाई सबैले देख्न सक्ने ठाउँमा राख्न लगाउनु पर्ने ।

ख) आर्थिक, भौतिक तथा प्राविधिक सहयोग जुटाई सरोकारवालाहरूले शैक्षणिक योजना कार्यान्वयनमा बढि जोड दिनुपर्ने ।

ग) राम्रो कामको लागि पुरस्कार र नराम्रो कामको लागि दण्डको सरोकावालाहरूले व्यवस्था मिलाउनु पर्ने ।

घ) उत्कृष्ट योजना निर्माण कर्ता प्र.अ. तथा वि.व्य.स. लाई पुरस्कारको व्यवस्था मिलाउनु पर्ने

ङ) समय समयमा विद्यालयले प्राप्त गरेका शैक्षिक उपलव्धिहरूको बारेमा शिक्षकहरू विच छलफल गराउनु पर्ने ।

च) शिक्षा सम्बन्धी कार्यक्रम तर्जुमा गर्दा सरोकारवाला सबैलाई सहभागी तुल्याउनु पर्ने ।

छ) योग्य तथा दक्ष शिक्षकलाई प्र.अ. हुने नितिको कार्यान्वयन गर्नु पर्ने ।

ज) अतिरिक्त क्रियाकलाप ऐच्छिक नभई अनिवार्य गरिनु पर्ने ।

झ) प्रत्येक शिक्षकले आफ्ने अध्यापन गर्ने विषयहरूको वार्षिक कार्य योजना, एकाई योजना तथा दैनिक पाठ योजना निर्माण गरी पूर्ण रूपमा कार्यान्वयन गर्नु पर्ने ।

ञ) शिक्षकले वनाएका योजना अनुसार शिक्षण सिकाई भए नभएको वि.व्य.स., प्र.अ. तथा स्रोतव्यक्तिले अनुगमन गरी निर्देशन दिनु पर्ने ।

ट) शिक्षकहरूलाई शिक्षण सिकाइ क्रियाकलापको लागि आवस्यक पर्ने सम्पुर्ण सामाग्रीहरू विद्यालयले व्यवस्थापन गर्नुपर्ने

ठ) शिक्षकहरूलाई वेलावखत प्रोत्साहित गर्ने किसिमका कार्यकमहरू आयोजना गरी इमान्दारी र कर्तव्यनिष्ट भई काम गर्न उत्साहित हुने वातावरण सृजना गर्ने ।

ड) विद्यालयलाई वन्द, हड्ताल, राजनैतिक घुसपेस आदिबाट वचाई शान्ति क्षेत्र घोसित गर्न सरोकारवाला सबैलाई एकताबद्ध गरी पूर्ण रूपमा प्रतिवद्धता जाहेर गर्न लगाउने ।

ढ) समय समयमा शिक्षकहरूलाई नमुना विद्यालय तिर घुमाउन लगि उनीहरूले शैक्षिक उपलब्धिका लागी गरेका प्रयास र उपलब्धि वारे जानकारी गराउने ।

ण) शिक्षण सिकाइको सम्वन्धमा कम्तिमा महिनामा एक पटक शिक्षक, प्र.अ., वि.व्य.स., शि.अ.सं. को वैठक बसी समिक्षा गर्ने ।

## ५.३ निष्कर्ष

अध्ययन क्षेत्र भित्रका विद्यालयहरूको शैक्षणिक योजना निर्माण कार्यान्वयनको वर्तमान अवस्था र त्यसले शिक्षण सिकाइमा परेको प्रभाव तथा कार्यान्वयनमा देखिएका समस्याहरू तथा उपयुक्त सुझावका सम्बन्धमा विद्यालयले उपयुक्त वातावरण सृजना गर्न नसक्नु व्यवस्थापन पक्ष अभिभावक, शिक्षक, विद्यार्थी वीचको समन्वय, सहमती, दोहोरो सञ्चार, तत्परता, आत्मियता, सम्बन्धित निकायको अनुगमनमा कमी आदि कारणले साथै

आर्थिक अभावको कारण शैक्षिक सामाग्री, सन्दर्भ सामाग्री, खेलकुद सामग्री, विज्ञान प्रयोगशाला कक्षा आदिको उपलब्धता नहुनु र राजनैतिक कारणले नियमित विद्यालय सञ्चालनमा वाधा पुगेको जस्ता तथ्यहरूबाट असल शैक्षणिक योजना निर्माण र कार्यान्वयनमा पूर्णता नभएको निष्कर्षमा पुग्न सकिन्छ । उक्त समस्याहरूलाई समाधान गर्न सरोकारवाला विच अभिछिन्न सम्बन्ध कायम हुनु पर्ने स्रोत व्यक्तिलाई दक्ष तुल्याउन तालिमको व्यवस्था गरिनुपर्ने, योजना कार्यान्वयन गर्ने पक्षहरूका कमी कमजोरी पत्ता लगाई दक्षता अभिवृद्धिका लागि तालिमको व्यवस्था मिलाइनु पर्ने, सधैं विद्यालयका गतिविधिहरूमा सरोकारवालाहरूलाई सहभागी तुल्याइनु पर्ने, सरोकारवाला सबैमा तत्परता, इमान्दारिता, सचेतता, माया ममता, आदार सत्कार, अनुगमन तथा सुपरिवेक्षणबाट सहकार्य सहमति गर्दै सामुहिक प्रतिबद्धतामा जोड दिइनु पर्दछ । यसका साथै सबै पक्षले आ-आफ्नो तर्फवाट आ-आफ्ना काम प्रति पुर्ण रुपमा इमान्दार भएर लागि पर्ने हो, भने शैक्षिक क्षेत्रलाई आजको अवस्था भन्दा धेरै माथि उठाउन सकिन्छ यहि नै आजको आवस्यकता हो ।

## सन्दर्भसूची

अधिकारी, विष्णुप्रसाद (२०६०), **शैक्षिक योजना,** काठमाडौँ : आशिष पुस्तक भण्डार ।

―――――――――― (२०६६), **शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली,** काठमाडौँ : आशिष बुक्स हाउस प्रा.लि. ।

काफ्ले, वासुदेव र साथीहरू (२०६७), **शैक्षिक प्रशासन र सुपरिवेक्षण,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६६), **शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

खतिवडा, गंगादेवी (२०६५), **शैक्षिक वातावरणले दृष्टिविहिन विद्यार्थीहरूको सिकाइ उपलब्धिमा पारेको प्रभाव** (अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र), त्रिभुवन विश्वविद्यालय, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

खनाल, पेशल (२०६७), **शैक्षिक अनुसन्धान पद्धति,** काठमाडौँ : सनलाइट पब्लिकेसन ।

गौतम, सोमनाथ (२०६६), **समुदायमा हस्तान्तरित सामुदायिक विद्यालय व्यवस्थापनको प्रभावकारीता,** (अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र), त्रिभुवन विश्वविद्यालय, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

निरौला, सुभाष (२०६३), **सरकारी विद्यालयमा समुदायद्वारा हुने व्यवस्थापनको प्रभाव,** (अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र), त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँ ।

प्रसाईं, कविन्द्र (२०६७), **सामुदायिक विद्यालयमा विद्यालय सुधार योजनाको प्रभावकारीता,** (अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र), त्रिभुवन विश्वविद्यालय, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

पौडेल, टेकमणि (२०६८), **समुदायद्वारा व्यवस्थित भएका विद्यालयको भौतिक व्यवस्थापन,** (अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र), त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँ ।

बुढाथोकी, राजेन्द्र (२०६१), **प्राथमिक शिक्षक सेवा आयोग दर्पण,** विराटनगर : श्याम पुस्तक भण्डार ।

भट्टराई, लेखनाथ (२०६७), **सामुदायिक विद्यालयमा शैक्षणिक योजनाको प्रभावकारीता,** (अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र), त्रिभुवन विश्वविद्यालय, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

**राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-०३२) को प्रतिवेदन ।**

शर्मा, गोपीनाथ (२०५७), **नेपालको शैक्षिक इतिहास,** काठमाडौँ : लुम्बिनी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (२०६०), **शैक्षिक प्रशासन,** काठमाडौँ : एम.के. पब्लिसर्स ।

शर्मा, दण्डपाणी (२०६०), **निम्न माध्यमिक तहको अध्ययन अनुमति पत्र दिग्दर्शन,** काठमाडौँ : आठराई प्रकाशन ।

**शिक्षा ऐन २०२८, सातौँ संशोधन ।**

**शिक्षा नियमावली २०५९, छैटौँ संशोधन ।**

श्रेष्ठ, चन्द्रबहादुर (२०५९), **शैक्षणिक योजना,** काठमाडौँ : भुडिपुराण प्रकाशन ।

**समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन कार्य निर्देशिका** (२०५९), (पहिलो संशोधन २०६३), काठमाडौँ : नेपाल सरकार शिक्षा मन्त्रालय ।

सिंह, ललित विक्रम (२०६५), **विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन,** (अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र), त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँ ।

सेरिड (२०६१), **फर्मेटिभ अनुसन्धान परियोजना,** कीर्तिपुर, काठमाडौँ : त्रि.वि. ।

## अनुसूची-१

## सूचना संकलन गर्दा प्र.अ.संगको अन्तरवार्ता प्रश्नावली

१. तपाईको विद्यालयमा कति शिक्षक दरवन्दी रहेको छ ?

२. तपाईको विद्यालयमा के सवै शिक्षक तालिम प्राप्त छन ?

३. शैक्षणिक योजनाको वारेमा केहि बताइदिन सक्नुहुन्छ ?

४. शिक्षकहरूले वार्षिक कार्ययोजना निर्माण गरेर शिक्षण गर्ने गरेको छ ?

५. विद्यालयले वार्षिक कार्य तालिका बनाएको छ ?

६. शिक्षकहरूले दैनिक पाठ योजना निर्माण गर्ने गरेको छ ?

७. तपाईको विचारमा शैक्षिक तथा शैक्षणिक योजनाले शिक्षण सिकाईमा के कस्तो प्रभाव पार्दछ ?

८. योजना निर्माण गरेर र नगरि शिक्षण कार्य गर्दा सिकाई उपलब्धिमा के कस्तो अन्तर पर्दछ ?

९. शैक्षणिक योजना निर्माण गर्न आवश्यक छ, छैन ?

१०. शैक्षणिक योजना निर्माण गर्नको निमित्त कुनै समस्या छन ?

११. दैनिक रुपमा शैक्षणिक योजना निर्माण गरी शिक्षण गर्दा शिक्षण सिकाई  र उपलब्धिमा सुविधा ल्याउन सकिन्छ ? सकिन्छ भने कसरी ?

१२. शैक्षिक तथा शैक्षणिक योजनाले विद्यार्थीहरूको स्तर वृद्धि र उपलब्धि विकासमा सघाउ पुऱ्याउन सक्छ वा सक्दैन ?

१३. शैक्षणिक योजनाको वर्तमान अवस्था र यसले पार्ने दुरगामी प्रभावको वारेमा तपाईको राय के छ ?

## अनुसूची-२

## सुचना संकलन गर्दा शिक्षकहरूसंगको अर्न्तवार्ता प्रश्नावली

१) तपाई कुन-कुन कक्षामा शिक्षण गर्नुहुन्छ ?

२) तपाईले के कस्ता तालिमहरू लिनु भएको छ ?

३) शैक्षणिक योजनाको वारेमा केहि कुरा वताइदिनु हुन्छ की ?

४) तपाईले शिक्षण सिमाईको लागि वार्षिक कार्य योजना निर्माण गर्नूभएको छ ?

५) तपाइको विचारमा शिक्षण सिकाइको निमित्त शैक्षणिक योजना निर्माण गर्न आवश्यक छ ?

६) तपाईले कक्षा शिक्षणको लागि दैनिक पाठयोजना निर्माण गर्नु भएको छ ?

७) शैक्षणिक योजना निर्माणले शिक्षण सिकाईमा कस्तो प्रभाव पार्दछ ?

८) योजना निर्माण नगरि र गरेर कुन शिक्षण सिकाई प्रभावकारी हुन्छ ?

९) शैक्षणिक योजना निर्माण गर्न किन आवश्यक छ ?

१०) शैक्षिक योजना निर्माण गर्न के कस्ता समस्या तपाईले देख्नु भएको छ ?

११) योजना निर्माण गरि शिक्षण सिकाई गर्दा, सिकाई उपलब्धिमा सुधार ल्याउन सकिन्छ ?

१२) शैक्षणिक योजना निर्माणको तपाईको विद्यालयको वर्तमान अवस्था कस्तो छ यसले पार्ने दुरगामी प्रभावको वारेमा तपाईको राय के छ ?

१३) तपाईको विचारमा शैक्षणिक योजना निर्माण किन आवश्यक छ यसले शिक्षण सिकाइको क्षेत्रमा सकारात्मक प्रंभाव पार्दछ वा पार्दैन ?

## अनुसची -३

## सूचना संकलन गर्दा श्रोतब्यक्तिसंगको अन्तर्वार्ता प्रश्नावली

१) सरको शुभनाम

२) सर यो श्रोतकेन्द्रमा श्रोतब्यक्तिको रुपमा कहिले देखि काम गरिरहनु भएको छ ?

३) तपाइको श्रोतकेन्द्रमा कतिवटा विद्यालयहरू छन ?

४) शैक्षणिक योजनाको वारेमा शिक्षकहरूलाई प्रशिक्षण दिइने गर्नु भएको छ ?

५) तपाइका श्रोतकेन्द्र अर्न्तगतका विद्यालयका शिक्षकहरूले शैक्षणिक योजना निर्माण गरी शिक्षण गर्नुभएको छ ।

६) तपाईको विचारमा शैक्षिक तथा शैक्षणिक योजनाले शिक्षण सिकाइमा के कस्तो प्रभाव पार्दछ ?

७) शैक्षणिक योजना निर्माण गर्न आवश्यक छ वा छैन ?

८) शैक्षणिक योजना निर्माणमा तपाइले कुनै समस्या देख्नु भएको छ ।

९) शैक्षणिक योजना निर्माण गरि शिक्षण गर्नु र नगरि गर्नुमा उपलब्धि हासिलमा के नकारात्मक असर पर्दछ ?

१०) तपाइको श्रोतकेन्द्र अर्न्तगतका शिक्षकहरूले दैनिक पाठ योजना निर्माण गरि शिक्षण गर्ने गरेका छन ?

११) शैक्षणिक योजना निर्माणको अवस्था विद्यालयहरूमा के कस्तो पाउनु भएको छ ?

१२) तपाइको विचारमा शैक्षणिक योजनाले शिक्षण सिकाइमा कस्तो प्रभाव पार्दछ ।

१३) शैक्षणिक योजना निर्माण र कार्यन्वयनको सम्बन्धमा तपाइको के राय छ ?

## अनुसूची -४

## विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूका लागि अन्तरवार्ता प्रश्नावली

विद्यालयको नाम : शैक्षिक योग्यता :

अध्यक्षको नाम : सेवा अवधि :

१. तपाई विद्यालयमा कत्तिको आउने गर्नु भएको छ ?

२. शैक्षणिक योजना निर्माण गर्दा तपाईको सहभागिता हुने गरेको छ वा छैन ?

३. विद्यालयमा गरिने हरेक शैक्षिक कार्यक्रमहरूमा आवश्यक पर्ने शैक्षिक सामाग्रीहरू कसरी जुटाउने गर्नु भएको छ ?

४. प्र.अ. तथा शिक्षकहरू द्वारा निर्माण गरिने शैक्षणिक योजना र कार्यान्वयनहरूमा अनुगमन गर्नु भएको छ वा छैन ।

५. विद्यालयमा तपाईका शिक्षकहरूले शैक्षणिक योजना निर्माण गरी शिक्षण कार्य गर्ने गरेका छन वा छैनन ?

६. शैक्षणिक योजना सम्वन्धमा तपाईको के धारणा छ ?

७. तपाईको विद्यालयमा वार्षिक कार्य तालिका, वार्षिक कार्य योजना, एकाई योजना तथा पाठ योजना निर्माण गरी शिक्षण कार्य सम्पन्न भएको छ वा छैन ?

८. शैक्षणिक योजना कार्यान्वयनमा के कस्ता समस्याहरू देखा परेका छन ?

९. तपाईले देखेका समस्याहरू निराकरण गर्नका निमित्त के कस्ता उपायहरू अवलम्वन गर्नु भएको छ ?

१०. शैक्षणिक योजना निर्माण र कार्यान्वयन सम्वन्धमा तपाईले अरु कुरा केही छन भने कृपया भनिदिनु होस ?

## अनुसची -५

## अभिभावकहरूका लागि विद्यालय अवलोकन फारम

विद्यालयको नाम:

तह: ठेगाना:

१) विद्यालयमा शैक्षणिक योजना निर्माण गर्ने गरेको छ ?

छ छैन

२) शैक्षणिक योजना निर्माण गर्दा सबै सरोकारवालाहरूको सहभागिता हुने गरेको छ ?

छ आंशिक छैन

३) शैक्षणिक योजना निर्माणमा माथिल्लो निकायको सुझव लिने गरेको छ ?

छ आंशिक छैन

४) वार्षिक कार्ययोजना, एकाई योजना तथा दैनिक पाठयोजना अनिवार्य रुपमा निर्माण गरेको पाइन्छ ?

छ आंशिक छैन

५) निर्मित शैक्षणिक योजना अनुसार यसलाईै पुर्ण रुपमा कार्यन्वयन उतार्ने गरेको पाइन्छ ?

छ आंशिक छैन

६) प्र.अ. र शिक्षक बीचको आपसी सम्बन्ध कस्तो छ ?

अति राम्रो राम्रो सन्तोषजनक सामान्य

७) शिक्षक र वि.ब्य.स. बीचको सम्बन्ध कस्तो छ ?

अति राम्रो राम्रो सन्तोषजनक सामान्य

८) शिक्षक र विद्यार्थी बीचको सम्बन्ध बस्तो छ ?

अति राम्रो राम्रो सन्तोषजनक सामान्य

९) विद्यालय र समुदाय बीचको सम्बन्ध कस्तो छ ?

अति राम्रो राम्रो सन्तोषजनक सामान्य

१०) विद्यालय र स्रोतव्यक्ति बीचको सम्बन्ध कस्तो छ ?

अति राम्रो राम्रो सन्तोषजनक सामान्य

११) समुदायको सचेतनाको खवस्था कस्तो छ ?

अति राम्रो राम्रो सन्तोषजनक सामान्य

१२) राम्रो कामलाई पुरस्कार र नराम्रो कामलाई दण्ड दिने ब्यवस्था छ ?

छ आंशिक छैन

१३) शिक्षकको मनोबल वृद्धि गर्ने कुनै कार्यहरू हुने गरेको छ ?

छ आंशिक छैन

१४) समुदायलाई सचेतना जगाउने विद्यालयले कार्यक्रमहरू गनृे गरेको छ ?

छ आंशिक छैन

१५) विद्यालयले समुदायलाई शैक्षणिक योजना सम्बन्धि जानकारी दिने गरेको छ ?

छ आंशिक छैन

१६) शैक्षाण्कि योजना कार्यन्वयन देखिने प्रमुख समस्या कै हुन सक्छ ?

पुर्ण आंशिक न्युन छैन

१७) शैक्षणिक योजना कार्यन्वयनमा दैखिने प्रमुख समस्या के हुन सक्छ ?

क) आर्थिक र राजनैतिक ख) आर्थिक र सामाजिक

ग) प्रशासनिक र न्युन अनुगमन घ) आर्थिक र वातावरण

१८) विद्यालयले हरेक समस्याका वावजुत पनि कार्यन्वयन गर्न कोशीस गर्नै गरेको पाइन्छ ?

पाइन्छ पाइदैन

१९) विद्यालयले योजना कार्यन्वयनको समीक्षा गर्ने गरेको छ ?

छ छैन

## अनुसची -६

## वि.व्य.स. अध्यक्ष तथा सदस्यहरूसंग सुचना संकलन गर्न प्रस्तुत रुजुसूची

(आफुलाई लागे अनसार ✓ चिन्ह लगाउनुहोस् )

| क्र.स. | विवरण | अत्युत्तम | उत्तम | सन्तोषजनक | सामान्य | निम्न |
|---|---|---|---|---|---|---|
| १ | विद्यालयको शैक्षणिक योजना निर्माणको अवस्था | | | | | |
| २ | शैक्षिक योजना निर्माणमा सरोकारवालाहरूको सहभागिता | | | | | |
| ३ | शैक्षिक योजना निर्माणको लागी माथिल्लो निकायवाट प्राप्त हुने सहयोगको | | | | | |
| ४ | एकाई योजना पाठयोजना वार्षिक कार्यतालिका आदि निर्माणको अवस्था | | | | | |
| ५ | शैक्षणिक योजना कार्यन्वयन स्थिति | | | | | |
| ६ | शैक्षिक योजना निर्माण र कार्यन्वयन प्र.अ.को भुमिका | | | | | |
| ७ | शैक्षिक योजना निर्माण र कार्यन्वयन स्रोत ब्यक्तिको भुमिका | | | | | |
| ८ | शिक्षक र प्र.अ. बिचको सम्बन्ध | | | | | |
| ९ | वि.ब्य.स. र प्र.अ. बिचको सम्बन्ध | | | | | |
| १० | अभिभावकहरूलाई शैक्षणिक योजनाको वारेमा जानकारीको अवस्था | | | | | |
| ११ | शिक्षकहरूको शैक्षणिक योजना निर्माण र कक्षाकोठामा प्रयोगको अवस्था | | | | | |
| १२ | दैनिक पाठयोजना निर्माणमा शिक्षकहरूले निरन्तरता दिने गरेको अवस्था | | | | | |
| १३ | सम्बन्धित निकायद्धारा शैक्षणिक योजना कार्यन्वयनको अनुगमनको अवस्था | | | | | |
| १४ | विदालयले योजना कार्यान्वयनको वारेमा गर्ने समिक्षाको अवस्था | | | | | |
| १५ | विद्यालयद्धारा शैक्षणिक योजना कार्यन्वयनको लागि गरिने प्रयोगको अवस्था | | | | | |

## अनुसूची -७

## अन्तरवार्तामा संलग्न प्र.अ.हरूको विवरण

| क.स. | प्र.अ.को नाम | योग्यता | शिक्षण अनुभव | स्थायी/ अस्थायी | विद्यालयको नाम |
|---|---|---|---|---|---|
| १ | सेवन्त बराल | एम.ए.सी | २८ वर्ष | स्थायी | म.उ.मा.वि. |
| २ | भोला कोईराला | वि.एड. | २७ वर्ष | स्थायी | ज.डे.ज.उ.मा.वि. |
| ३. | बालकृष्ण अधिकारी | बि.एस.सी | १८ वर्ष | स्थायी | कोशी. मा.वि. |
| ४. | विमला पौडेल | एस.एल.सी | २७ वर्ष | स्थायी | भानु.नि.मा.वि. |
| ५. | पदम कुमार थापा | वि.ए.वि.एड. | २७ वर्ष | स्थायी | म.उ.मा.वि. |
| ६. | खेमराज गुरागाँई | वि.एड | १५ वर्ष | स्थायी | जब्दि.मा.वि. |
| ७. | अम्बर वस्नेत | एस.एल.सी. | ३६ वर्ष | स्थायी | शान्ति प्रा.वि. |

# अनुसची -८

## अन्तरवार्तामा संलग्न शिक्षकहरूको विवरण

| क्र.स. | शिक्षकको नाम | योग्यता | शिक्षण अनुभव | स्थायी/ अस्थायी | विद्यालयको नाम |
|---|---|---|---|---|---|
| १. | कैलाश गुप्ता | वि.एड. | ३२ वर्ष | स्थायी | म.उ.मा.वि. |
| २. | योगेन्द्र महतो | वि.ए | २५ वर्ष | स्थायी | म.उ.मा.वि. |
| ३. | रमेश निरौला | वि.ए | २० वर्ष | स्थायी | कोशी.मा.वि. |
| ४. | युवराज कोईराला | आई.ए | ३२ वर्ष | स्थायी | कोशी.मा.वि. |
| ५. | नरेन्द्र कार्की | एस.एल.सी. | २४ वर्ष | स्थायी | भानु.नि.मा.वि. |
| ६. | मुरारी निरौला | एस.एल.सी. | २८ वर्ष | स्थायी | भानु.नि.मा.वि |
| ७. | बद्रि कार्की | एस.एल.सी. | २४ वर्ष | स्थायी | ज.डे.ज.मा.वि. |
| ८. | भिखन चौधरी | एम.एड | १४ वर्ष | अस्थायी | ज.डे.ज.मा.वि. |
| ९. | नरेन्द्र निरौला | आई.ए | १८ वर्ष | अस्थायी | म.उ.मा.वि. |
| १०. | रत्न राउत | एस.एल.सी. | २६ वर्ष | स्थायी | कोशी.मा.वि. |
| ११. | टंक प्रसाद भट्टराई | वि.कम., वि. एड. | १८ वर्ष | स्थायी | म.उ.मा.वि. |
| १२. | सिता गेलाल | एम.एड. | ४ वर्ष | राहत | जब्दि मा.वि. |
| १३. | सिर्जना वस्नेत | वि.एड | ७ वर्ष | राहत | शान्ति प्रा.वि. |
| १४. | गुरु अधिकारी | एस.एल.सी. | २४ वर्ष | स्थायी | कोशी.मा.वि. |
| १५. | रिता पुरी | आई.एड. | ६ वर्ष | राहत | प.र.ज.नि.मा.वि. |
| १६. | निलहरि पाण्डे | आई.ए | २८ वर्ष | स्थायी | म.उ.मा.वि. |

## अनुसूची -९

## अन्तरवार्तामा संलग्न विं.व्य.स. अध्यक्ष तथा सदस्यहरूको विवरण

| क.स. | अध्यक्षको नाम | योग्यता | कार्य अनुभव | विद्यालयको नाम |
|---|---|---|---|---|
| १. | नारायण भट्टराई | आई.ए | १ वर्ष | म.उ.मा.वि. |
| २. | चूडामणि कुमार सुब्बा | वि.कम | १ वर्ष | कोशी.मा.वि. |
| ३. | भोगेन्द्र डाँगी | यस.यल.सी | १ वर्ष | भानु.नि.मा.वि. |
| ४ | गोविन्द खड्का | आई.ए. | २.६ वर्ष | ज.डे.ज.मा.वि. |
| ५. | पुण्य प्रसाद घिमिरे | आई.ए. | २.६ वर्ष | म.उ.मा.वि. |
| ६. | लिलादेवी दुलाल | यस.यल.सी | २.६ वर्ष | शान्ति.प्रा.वि. |
| ७. | पर्शुराम थापा | यस.यल.सी | २ वर्ष | प.र.ज.नि.मा.वि. |
| ८. | डोलकुमारी श्रेष्ठ | आई.कम. | २ वर्ष | जब्दि.मा.वि. |